मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

प्रहरी सङ्गठन जनताको पहिलो सरकार होः मुख्यमन्त्री

पृष्ठ ५ मा



● वर्ष ४ ● अंक २०७ ● २०८३ साल असार ०१ गते सोमबार ● Monday 15, June 2026 ● सूर्योदयः बिहान ०५:१० बजे ● सूर्यास्तः साँझ ०६:५८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## आकार घटाएर बजेट ल्याउँदै मधेश सरकार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३÷८४का लागि ल्याउने बजेटको आकार चालु आर्थिक वर्षको तुलनामा घटाउने तयारी गरेको छ। संघीय सरकारबाट प्राप्त हुने अनुदानमा कमी, आन्तरिक राजस्व संकलन अपेक्षाअनुसार हुन नसक्नु तथा समग्र आर्थिक स्रोतमा आएको संकुचनका कारण प्रदेश सरकार बजेटको आकार घटाउन बाध्य भएको हो ।अर्थ मन्त्रालयले असार १ गते प्रदेश सभामा प्रस्तुत गरिने बजेटको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। मन्त्रालयका अर्थ उपसचिव तथा प्रवक्ता जयकुमार राउतका अनुसार बजेट निर्माणसम्बन्धी प्राविधिक तथा नीतिगत तयारी पूरा भइसकेको छ। उपलब्ध स्रोत र प्रदेशका प्राथमिक आवश्यकतालाई आधार बनाएर बजेट तर्जुमा गरिएको उनले बताए।

उनका अनुसार आगामी बजेटमा कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिइएको छ । उत्पादन वृद्धि, रोजगारी सिर्जना, प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउने तथा आधारभूत सेवामा नागरिकको पहुँच विस्तार गर्ने लक्ष्यसहित कार्यक्रमहरू समावेश गरिएको छ। 'बजेटको आकार गत वर्षको तुलनामा केही घट्ने देखिएको छ । तर सीमित स्रोत–साधनका बाबजुद पनि उत्पादनमूलक तथा जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रलाई प्राथमिकता दिने प्रयास गरेका छौं,' प्रवक्ता राउतले भने।

यद्यपि, बजेट निर्माण प्रक्रिया अघि बढिरहँदा प्रदेश सरकारको मन्त्रालय संख्या घटाउने प्रतिबद्धता भने अझै कार्यान्वयन हुन सकेको छैन । मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले सत्ता सम्हालेपछि प्रशासनिक खर्च कटौती गर्न मन्त्रालय संख्या घटाउने घोषणा गरेको थियो । यसका लागि गठबन्धन दलहरूबीच १५ बुँदे सहमति समेत भएको थियो। तर उक्त निर्णय व्यवहारमा लागू हुन सकेको छैन।

अर्थ मन्त्रालयका अनुसार आगामी बजेट हाल कायम रहेको प्रशासनिक संरचनाकै आधारमा तयार पारिएको छ । '११ वटा मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई आधार मानेर बजेट निर्माण गरिएको छ,' राउतले बताए। हाल मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालयस्तरीय संरचना सञ्चालनमा छन् । मन्त्रालय संख्या घटाउने विषयमा राजनीतिक सहमति जुट्न नसक्दा सरकार पूर्वघोषित योजना कार्यान्वयन गर्न असफल भएको देखिएको छ।

प्रदेश सरकारअन्तर्गत करिब १५० वटा कार्यालय सञ्चालनमा छन्। ती कार्यालयहरूको प्रशासनिक खर्च, कर्मचारी व्यवस्थापन तथा विकास कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गर्नुपर्ने भएकाले सरकारमाथि आर्थिक भार बढ्दै गएको अधिकारीहरूको भनाइ छ।

गत आर्थिक वर्ष २०८२÷८३ मा मधेश प्रदेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको थियो । आगामी आर्थिक वर्षको बजेट भने त्यसभन्दा सानो आकारको हुने संकेत प्रदेश सरकारका अधिकारीहरूले दिएका छन् । यद्यपि, बजेटको वास्तविक आकार तथा कार्यक्रमहरू असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत भएपछि मात्रै औपचारिक रूपमा सार्वजनिक हुनेछन्।

## चालु आर्थिक वर्षको मधेशको आर्थिक सर्वेक्षण प्रदेश सभामा प्रस्तुत



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षण प्रदेशसभामा प्रस्तुत गरेको छ । आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुअघि आइतबार प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले आर्थिक सर्वेक्षण सार्वजनिक गरेका हुन्।

आर्थिक सर्वेक्षणअनुसार मधेश प्रदेशको कुल ग्राहस्थ उत्पादन (जीडीपी) ८ खर्ब ६३ अर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ, जुन राष्ट्रिय कुल ग्राहस्थ उत्पादनको १३.१ प्रतिशत हो।

सर्वेक्षणमा प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहने अनुमान गरिएको छ । मधेशको कुल ग्राहस्थ उत्पादनमा कृषि, मत्स्य तथा वन क्षेत्रको योगदान सबैभन्दा बढी ३४.९७ प्रतिशत रहने उल्लेख छ । यस क्षेत्रको वृद्धिदर १.४४ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

कृषि उत्पादनतर्फ अन्नबाली उत्पादन ५.३३ प्रतिशतले घट्ने अनुमान गरिएको छ। यद्यपि दूध उत्पादन ११.०६ प्रतिशत, मासु उत्पादन ३३.५२ प्रतिशत, माछा उत्पादन ८.०३ प्रतिशत तथा अण्डा उत्पादन २३.४६ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

सर्वेक्षणले प्रदेशको राजस्व संकलनमा भने गिरावट आउने संकेत गरेको छ । राजस्व संकलनको अनुपात १.६६ प्रतिशतले घट्ने अनुमान गरिएको छ।

आर्थिक सर्वेक्षणले कृषि तथा पशुपन्छीजन्य उत्पादनमा सुधार देखिए पनि राजस्व संकलन र समग्र आर्थिक वृद्धिदर अपेक्षाकृत कमजोर रहने जनाइएको छ।

## महाधिवेशनअघि रास्वपाको मधेश प्रदेश अधिवेशन नहुने, विवाद कायमै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को मधेश प्रदेश अधिवेशन प्रथम राष्ट्रिय महाधिवेशनअघि नहुने भएको छ । पार्टीको निर्वाचन आयोगले समय अभाव, आन्तरिक विवाद तथा निष्पक्ष र सुरक्षित वातावरण सुनिश्चित गर्न कठिनाइ भएको भन्दै महाधिवेशनअघि अधिवेशन सम्पन्न हुने सम्भावना नरहेको जनाएको हो। निर्वाचन आयोगले जेठ २६ गते जारी गरेको सूचनामार्फत मधेश प्रदेश अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले सम्पूर्ण गतिविधि स्थगित गरिएको जानकारी दिएको थियो।

निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार महाधिवेशनको मिति नजिकिएकाले मधेश प्रदेशको अधिवेशन तत्काल आयोजना गर्न सम्भव छैन। उनले विधि, प्रक्रिया र पद्धतिअनुसार काम गर्न मधेशमा चुनौती रहेको तथा शान्तिपूर्ण र सुरक्षित रूपमा अधिवेशन सम्पन्न गराउन कठिनाइ रहेको बताए । 'महाधिवेशनअघि मधेश प्रदेशको अधिवेशन गराउन सम्भव देखिँदैन। समय पनि पर्याप्त छैन। बरु महाधिवेशनपछि विशेष समिति गठन गरेर अधिवेशन गराउनु उपयुक्त हुन सक्छ,' केसीले बताए।

मधेश प्रदेशमा देखिएको विवाद र दुई पक्षबीचको झडपका कारण पर्साबाहेक अन्य सात जिल्लाको अधिवेशन स्थगित भएको थियो। यद्यपि प्रदेश महामन्त्री मनिषकुमार साहले

बाँकी पृष्ठ २ मा

## संघीयतालाई अझै सशक्त बनाउन मुलुकमा १० प्रदेश बनाउनुपर्छः अध्यक्ष यादव




**मधेशदृष्टि**
**वीरगंज।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीयतालाई अझ सशक्त र प्रभावकारी बनाउन हालको ७ प्रदेशको संरचनालाई पुनरावलोकन गरी १० प्रदेश बनाउनु पर्ने बताएका छन्।

वीरगंजस्थित होटल भिस्वामा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष यादवले मधेशका जनताले आफूहरूलाई संघीयताको रक्षाका लागि मतदान गरेको उल्लेख गर्दै जनताको विश्वास र अधिकारको रक्षा गर्न आफ्नो पार्टी प्रतिबद्ध रहेको बताए।

उनले वर्तमान सरकारले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्नुपर्नेमा जोड दिँदै उनीहरूलाई घरबारविहीन बनाउने कुनै पनि कदम स्वीकार्य नहुने स्पष्ट पारे।

सरकारले सुकुम्बासीहरूको समस्या समाधानका लागि ठोस योजना ल्याउनुपर्ने उनको भनाइ थियो । अध्यक्ष यादवले सरकारले प्रस्तुत गरेको बजेटप्रति असन्तुष्टि व्यक्त गर्दै विद्युत्मा मूल्य अभिवृद्धि कर लगाउने निर्णय गलत भएको बताए। विद्युतमा लगाइएको कर तत्काल फिर्ता लिन सरकारसँग माग गर्दै उहाँले यसले आम उपभोक्ता तथा उद्योग व्यवसायलाई थप भार पर्ने धारणा राखे।

यसैबीच अर्को प्रसङ्गमा बोल्दै अध्यक्ष यादवले नेपालले भारतसहित कुनै पनि देशको भूमि अतिक्रमण गरेको भन्ने दाबीको कुनै आधिकारिक आधार नभएको बताए । आफू दुईपटक परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेको उल्लेख गर्दै अध्यक्ष यादवले नेपालले छिमेकी मुलुकको भूमि अतिक्रमण गरेको विषयमा अहिलेसम्म कुनै प्रमाण वा आधिकारिक जानकारी प्राप्त नभएको बताए।

उनले भारतले समेत नेपालले आफ्नो भूमि मिचेको भनी औपचारिक रूपमा कुनै दाबी नगरेको अवस्थामा प्रधानमन्त्री बालेन शाहले नेपालले भूमि अतिक्रमण गरेको भन्ने अभिव्यक्ति दिनुभएकोप्रति आश्चर्य व्यक्त गरे । अध्यक्ष यादवले राष्ट्रिय हित र अन्तर्राष्ट्रिय सम्बन्धसँग जोडिएका संवेदनशील विषयमा अभिव्यक्ति दिँदा तथ्य र प्रमाणका आधारमा बोल्नुपर्ने बताए।

उनले प्रधानमन्त्री शाहलाई आफ्नो दाबी पुष्टि गर्न आवश्यक प्रमाण सार्वजनिक गर्न चुनौतीसमेत दिए।

उनले यस्ता विषयमा अनावश्यक भ्रम सिर्जना हुने खालका अभिव्यक्तिले देशको कूटनीतिक सम्बन्धमा असर पर्न सक्ने भएकाले जिम्मेवार ढङ्गले प्रस्तुत हुनुपर्ने धारणा व्यक्त गरे।

## न्यायिक सेवालाई छिटो, पारदर्शी र प्रविधिमैत्री बनाउन प्रधानन्यायाधीशको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज।**
प्रधानन्यायाधीश डा.मनोजकुमार शर्माले न्यायिक सेवालाई छिटो, पारदर्शी र प्रविधिमैत्री बनाउन बारा जिल्ला अदालतका कर्मचारीलाई निर्देशन दिएका छन्। शनिबार बारा जिल्ला अदालतको अनुगमन तथा निरीक्षणका क्रममा प्रधानन्यायाधीश शर्माले पुरानो कार्यशैली त्यागेर प्रविधिको अधिकतम उपयोग गर्दै सेवाग्राहीलाई सहज न्याय उपलब्ध गराउनुपर्नेमा जोड दिएका हुन्।

उनले जनतालाई अनावश्यक झन्झट नदिई मुद्दा छिटो र प्रभावकारी रूपमा टुंग्याउन अदालतका कर्मचारी तथा न्यायिक निकायलाई आग्रह गरे । निरीक्षणका क्रममा सर्वोच्च अदालतका प्रशासन प्रमुख एवं मुख्य रजिस्ट्रार बिमल पौडेल, उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका मुख्य न्यायाधीश गोकर्ण डाँगी तथा उच्च अदालत वीरगंजका रजिस्ट्रार तारादत्त पौडेल समेत सहभागी थिए।

अदालत प्रशासनका अनुसार हाल बारा जिल्ला अदालतमा सात वटा इजलास सञ्चालनमा छन् । अदालतलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्ने तयारीस्वरूप भर्चुअल सुनुवाइका लागि आवश्यक उपकरण जडान गर्ने योजना अघि बढाइएको छ।

प्रणाली सञ्चालनमा आएपछि देश तथा विदेशबाट समेत कानुन व्यवसायीले बहस गर्न सक्ने व्यवस्था हुने अपेक्षा गरिएको छ।

# वैदिक कृषि पद्धति नेपालजस्ता देशका लागि सबैभन्दा उपयोगी विधि

**पूर्णप्रसाद मिश्र**
**काठमाडौँ।**
वैदिक कृषि पद्धति नेपालजस्ता देशका लागि सबैभन्दा उपयुक्त माध्यम हुनेमा जोड दिइएको छ । नेपाल महर्षि वैदिक फाउन्डेसनले आइतबार आयोजना गरेको 'वैदिक प्राङ्गारिक कृषि एकदिने राष्ट्रिय सम्मेलन' मा वैदिक कृषि पद्धतिबाट उत्पादित खाद्य पदार्थको पौष्टिक गुणस्तरका साथै बाली, माटो र वातावरणसँग कृषकको सम्बन्ध अझै सुदृढ बनाउने भएकाले यसप्रति विश्वव्यापी रुपमा आकर्षण बढिरहेकामा यस क्षेत्रका विज्ञले जोड दिएका हुन् । नेपालमा भने यसलाई अझै प्रवद्र्धन गरिनुपर्नेमा पनि विज्ञले जोड दिएका हुन् । लामो समयदेखि वैदिक कृषिसमेत गर्दै आएका फाउन्डेसनका अध्यक्ष दीपकप्रकाश बास्कोटाले अमेरिकाका सबै राज्यले छुट्टाछुट्टै ऐन बनाएर वैदिक प्राङ्गारिक कृषि पद्धति अघि बढाएका जानकारी दिए।

नेपालमा पाँच दशकअघिसम्म वैदिक प्राङ्गारिक कृषि हुने गरेकामा क्रमशः रासायनिक मलका साथै विभिन्न प्रकारका विषादीको आगमनले माटो बिग्रिएर स्वच्छ उत्पादन नहुने अवस्था आएको उनले बताए । आधुनिक प्रविधिसहित वैदिक एवं प्राङ्गारिक खेतीमा नेपालका सबै किसानलाई आबद्ध गराउने अभियानस्वरुप फाउन्डेसनले एकदिने सम्मेलन गरेको र यसलाई निरन्तरता दिने अध्यक्ष बास्कोटाले प्रतिबद्धता जनाए । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव डा हरिबहादुर केसीले कृषिमा विषादी हाम्रै पालामा सुरु भएकाले हामीले यसलाई सच्याउनुपर्ने बताए । कृषि क्षेत्रमा लाग्ने कीरा मार्न जुकाको प्रयोग गर्ने विधि पनि रहेको उल्लेख गर्दै उनले यस विषयमा आफूले विद्यावारिधि शोधसमेत गरेकाले यस्ता मौलिक विधिलाई विषादीका विकल्पका रूपमा उपयोग गरिनुपर्नेमा जोड दिए।

कृषिमा विषादीको विकल्पमा प्रयोग गरिने जैविक विधिका विषयमा नीतिनिर्माण गर्ने काममा पनि मन्त्रालय लागिपरेको योजना महाशाखा प्रमुखसमेत रहेका सहसचिव केसीले बताए । उपभोक्ता सचेत हुँदै गएकाले विषादीका ठाउँमा जैविक विषादी पनि प्रयोग गर्नुपर्नेमा पनि उनको जोड छ।

महर्षि वैदिक कृषिका निर्देशक भूपेन्द्र खनियाँले धेरैलाई वैदिक कृषि पुरातन विधि हो र यो अहिलेको प्राङ्गारिक विधिभन्दा फरक छ भन्ने लाग्ने बताए । यो प्राङ्गारिक विधिमा अरु थप केही हाम्रा परम्परागत अभ्यास समावेश गरिने विधिका रूपमा रहेको उनको भनाइ छ । 'वैदिक प्राङ्गारिक हुन पहिले प्राङ्गारिक हुनु पर्दछ । यसकारण महर्षि वैदिक प्राङ्गारिक खेतीलाई 'प्राङ्गारिकभन्दा माथि' मानिन्छ । महर्षि वैदिक कृषिले खासगरी कृषकको चेतना, खाना, शरीर र वातावरणबीचको घनिष्ट सम्बन्ध स्थापित गर्दछ । कृषकको चेतनाको स्तरले खाद्यवस्तुको गुणस्तर निर्धारण गर्दछ । खानाको गुणस्तरले हाम्रो मन र शरीरलाई प्रभाव पार्दछ । हाम्रो मन र शरीरको स्वास्थ्य नै व्यवहारमा झल्कने हो । यसकारण वैदिक कृषिमा कृषक, बाली र प्रकृतिबीच एक अर्कालाई स्वाभाविक रुपमा बुझ्न सहकार्य र सन्तुलन कायम गरिन्छ', निर्देशक खनियाँले भने।

रासायनिक खेतीलाई परिवर्तन गरेर वैदिक खेती गर्ने हो भने प्राङ्गारिकका सबै प्रक्रियाका साथसाथै वैदिक कृषिका पनि प्रविधि संलग्न गर्नुपर्ने उनको भनाइ छ । उनका अनुसार वैदिक प्राङ्गारिक खेती र यसको प्रमाणीकरणका लागि निम्नअनुसारको विधि अपनाउनु पर्दछ । वैदिक कृषिको अभ्यासमा परिवारको जीवनस्तर धान्नेगरी कृषकलाई उचित मूल्य; उत्पादनको गुणस्तर जाँच; बाली भित्र्याउने, सामान्य प्रशोधन गर्ने, भकारीमा राख्ने; घर पालुवा जनावरको व्यवस्थापन र जनावरको अधिकार; उत्पादनको भण्डारण, प्रशोधन, ह्यान्डलिङ र लेबलिङ; दिगो, पर्यावरणीय, र ऊर्जा संरक्षणयुक्त कृषि प्रविधिको उपयोग; महर्षि स्थापत्य (स्थान वेद), महर्षि वैदिक स्वास्थ्य (आयुर्वेद) विधि प्रयोग र चेतना–आधारित शिक्षाको प्रयोगलगायत सुनिश्चित गरिएको हुन्छ।

महर्षि वैदिक कृषिले कृषक, परिवार, समाज, वातावरण र मातृभूमि सबै प्राथमिक हितग्राही हुनुपर्छ भन्ने मान्यता राख्दछ । जीवनका चार वैदिक उद्देश्यहरू धर्म (उपयुक्त पेसा जसले जीवनलाई सर्वोच्च स्थानमा कायम राख्छ), अर्थ (सम्पन्नता), काम (कृषक र उसको परिवारका लागि इच्छाको पूर्ति) र मोक्ष (जीवनमा सर्वोच्च आदर्शहरूको पूर्ति र व्यक्तिगत विकासको उच्च उपलब्धि) कृषकले आफ्नै पौरखले सम्पन्न गर्न पाउनुपर्छ । कृषि पेसा अपनाइसकेपछि यसबाटै जीवन सम्पन्न हुनुपर्छ भन्ने महर्षि वैदिक कृषिको मान्यता हो। तथ्याङ्कअनुसार नेपालमा ६६ प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छन् । यति धेरै कृषक हुँदा पनि विदेशबाट किनेर नल्याउने हो भने नेपालीलाई खान पुग्दैन । यसमा धेरै कारण छन् । तीमध्ये पहिलो कृषि पेसालाई सम्मानजनक पेसा बनाउन नसक्नु रहेको वैदिक कृषिका निर्देशक खनियाँले बताए। दोस्रो युवा पुस्ताको पलायनका साथसाथै आधुनिक कृषिका नाममा बीउबिजन, मल, किटनाशक रासायनका लागि परनिर्भर हुँदै जाँदा स्थानीय कृषि उत्पादन र प्रशोधन महँगो हुँदै जानु, खेतीप्रति कृषकको वितृष्णा बढ्दै जानुलगायत पनि यसका कारण रहेका उनको भनाइ छ।

रासायनिक खेती र प्राङ्गारिक खेतीमध्ये कुन चाहिँ विधि उपयुक्त छ भनेर सबैका आ–आफ्नै तर्क छन् । तर अध्ययन–अनुसन्धानले देखाएअनुसार माटो, वातावरण र मानव स्वास्थ्यका लागि घातकसिद्ध भएको रासायनिक विधिभन्दा उपलब्ध प्रविधिको सुविधा उपयोग गरी स्थानीय स्रोतसाधन, ज्ञान अभ्यासमा आधारित प्राङ्गारिक विधि नै उपयुक्त भएको निष्कर्ष वैज्ञानिक अनुसन्धानले पनि पुष्टि गरिसकेको खनियाँले जानकारी दिए । कार्यक्रममा फाउन्डेसनले प्रकाशन गरेको 'वैदिक कृषि' नामक पुस्तक लोकार्पण पनि गरिएको थियो। उक्त पुस्तक निर्देशक खनियाँले लेखेका हुन्।रासस

# यु–१९ राष्ट्रिय महिला क्रिकेटः
# मधेश र सुदूरपश्चिम फाइनलमा

**कर्णाली।**
कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा जारी प्रथम यु–१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताको फाइनलमा मधेश र सुदूरपश्चिम प्रदेश प्रवेश गरेका छन् । उपाधिका लागि दुई प्रदेशबीच भिडन्त हुने पक्का भएको छ । समूह चरणको अन्तिम खेलमा मधेशलाई ७ विकेटले पराजित गर्दै सुदूरपश्चिमले पुनःफाइनलमा मधेशलाई नै प्रतिष्पर्धीका रुपमा पाएको हो । आइतबार भएको समूह चरणको अन्तिम खेलमा कर्णालीलाई हराउँदै फाइनल पुग्ने झिनो सम्भावना कायम राखेको गण्डकीका लागि मधेशमाथि सुदूरपश्चिमले जित निकालेसँगै फाइनलमा जाने आश टरेको थियो ।


अघिल्ला ६ खेलमा अपराजित रहँदै आएको मधेश प्रतियोगिताकै पहिलो हार व्यहोर्ने क्रममा सुदूरपश्चिमविरुद्धको खेलमा पछि परेपछि उपाधि दाबेदारका रुपमा फाइनल पुगेको हो । कालुङ्चोक मैदानमा ११८ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमकी ओपनर सावित्री धामी र करुणा विष्टले ८ ओभरसम्म टिकेर ६८ रनको उत्कृष्ट साझेदारी गर्दै जितका लागि बलियो जग बसालिन् । चौबिस रनको व्यक्तिगत स्कोरमा धामी सुष्मिताकुमारी यादवबाट बोल्ड भएको केहीबेरमै करुणा रन आउट हुँदा मधेशतर्फ ढल्किएको खेललाई रश्मी सुनारले १५ र रविना धामीले १८ रन बटुल्दै आफ्नो पोल्टामा पारे । ३० बलको सामना गरेकी करुणाले १७० को स्ट्राइक रेटमा ९ चौकासहित ५१ रनको आक्रामक पारी खेलिन । त्यसअघि पहिला ब्याटिङ गरेको मधेशका लागि सना प्रविन र प्रतिमा साहको समान २३–२३ रनको मद्दतमा ११७ को योगफल खडा ग¥यो । मधेसका लागि आरती महतो र शिवानी साहले समान १०–१० रन जोडे।

आइतबार नै भएको अर्को खेलमा गण्डकीले घरेलु टोली कर्णालीमाथि ८ विकेटको फराकिलो जीत निकाल्यो । घरेलु मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको कर्णालीले २० ओभरको खेलमा ४ विकेट गुमाउँदै जम्मा ९६ रन जोड्यो । कप्तान तिर्सना विश्वकर्मा १ रनले अर्धशतक बनाउनबाट चुकेकी थिइन् । ओपनर सोविका शाही शून्यमै आउट भएपनि तिर्सनाले ६२ रनको सामना गर्दै एक छक्का र छ चौकाको मद्दतमा नटआउट ४९ रन बनाइन् । दोस्रो क्रमकी शिखा दुवाडीले १७ रन जोडिन् । बलिङतर्फ गण्डकीका निरु जीटीले दुई विकेट झार्दा यशोदा भुजेल र जेनिशा शर्माको नाममा एक–एक विकेट रह्यो । ९७ रनको सामान्य लक्ष्य पछ्याएको गण्डकीका ओपनर श्रेया शाह तीन र ज्योत्सिनीका मरासिनीले १३ रनमा आउट भएपछि तेस्रो र चौथो क्रममा ब्याटरले अविजित रहँदै गण्डकीको इनिङ्स सम्हाले । चन्द्रमाया बरालले ५ चौकासहित ३७ बलमा ३९ र दीपिका सापकोटाले पनि ५ चौकासहित २९ बलमा ३२ रन जोड्दै गण्डकीलाई सहज जित दिलाए।

समूह चरणको अन्तिम खेलमा लुम्बिनीले कोशीलाई जम्मा ४८ रनको लक्ष्य दिएको थियो । सोह्र रन अतिरिक्त पाएको लुम्बिनीका कुनैपनि ब्याटरले दोहोरो अङ्क छुन सकेनन् भने ४ ब्याटर शून्यमै फर्किए । अठचालिस रनको झिने लक्ष्य पछ्याएको कोशीका टीका शाहले ८, पूर्णिमा राजवंशी र प्रिन्सा राना मगरले समान १०–१० रन बनाउँदा खुशीकुमारी राजवंशीले नटआउट ११ रन जोडिन् । कोशीको जीतमा ११ रन अतिरिक्त रह्यो । नेपाल क्रिकेट सङ्घ (क्यान) र कर्णाली प्रदेश क्रिकेट सङ्घको आयोजनामा यही जेठ २२ गतेदेखि सुरु भएको उक्त प्रतियोगिता सोमबार सम्पन्न हुनेछ।रासस

# 'टालेको सर्ट अमेरिकी डलरमा किनेर लगाए, यो स्टाइल हो'

**मधु शाही**
**काठमाडौँ।**
कटनको सेतो सर्टमा जुटको टालो टाँसिएको छ । सियो धागोले सिलाएको उक्त टालो खैरो रङको छ । टालेको सर्ट लगाएर विश्वप्रसिद्ध फेशन डिजाइनर प्रवल गुरुङ आफ्नो पुस्तक 'वक लाइक अ गल्स' को हस्ताक्षर कार्यक्रममा उपस्थित भए। पुस्तकको चर्चा जति थियो, उत्तिकै उनले लगाउने पहिरनले पाठकको ध्यान खिचेको थियो । खासगरी नेपाली समाजमा च्यातिएको र टालिएको लुगा लगाउनु गरिबीको सङ्केत दिन्छ। तर, फेशन डिजाइनर गुरुङले भने आफूले लगाएको उक्त टालेको सर्ट निकै महँगो अमेरिकी डलरमा किनेको बताए । 'टालेको सर्ट अमेरिकामा डलर हालेर किनेर लगाए, यो स्टाइल हो ।' शनिबार जमलस्थित मण्डला बुक प्वाइन्टमा पुस्तक हस्ताक्षर कार्यक्रममा देखिएका गुरुङले भने, 'लुगा कस्तो लगाउनेभन्दा पनि कसले र कति आत्मविश्वासका साथ लगाएको छ भन्ने कुराले निकै महत्व राख्छ ।' उनले आत्मविश्वासका साथ टालेको लुगा लगाउदा पनि राम्रो र प्रभावकारी व्यक्तित्व झल्किन सक्ने सन्देश दिन उक्त पहिरन लगाएको बताए।




अमेरिकामा बस्दै आएका गुरुङ प्रत्येक एक वर्षमा दुई पटक नेपाल आउने गर्छन् । नेपालमै बसोबास गर्ने परिवारलाई भेट्न उनले जतिसुकै व्यस्त भएपनि समय मिलाउने गरेको बताए । 'जहाँ जाउ यो मन त मेरो नेपाली नै हो नी', गुरुङले भने, 'नेपाली खाना, मुमा (आमा) को माया र यहाँको संस्कृतिले मन छुन्छ', उनले भने, 'वर्षमा दुई पटक आमाको हातले पकाएको गुन्द्रुकको अचार, दाल भात खान आएकै हुन्छु ।' नेपाली मुलुकका गुरुङ सिङ्गापुरमा जन्मिए र भारतमा हुर्किए । दिल्लीको नेशनल फेशन इन्स्टिच्युटमा अध्ययन गरेर उनले फेशन डिजाइनरको करिअर न्यूयोर्कबाट सुरु गरे । गुरुङले सन्, १९९९ मा न्युयोर्कबाट फेशन डिजाइनसम्बन्धी औपचारिक शिक्षा लिए । साथै, अन्तरराष्ट्रिय ब्रान्डमा फेशन यात्रामा सक्रिय भई सफलताको उचाइमा पुगेका हुन्।

गुरुङले हलिउडदेखि बलिउड फिल्मी क्षेत्रका प्रख्यात व्यक्तित्वहरुका लागि फेशन डिजाइन गरेर नेपालको नाम स्थापित गरेका छन् । उनले तत्कालिन अमेरिकी प्रथम महिला मिचेल ओमाबादेखि बेलायती राजकुमारीको रोजाइको पहिरन फेसन डिजाइन गरेपश्चात् भने अन्तरराष्ट्रिय क्षेत्रमा चर्चा चुलिएको थियो । यसलाई गुरुङले करिअरको सबैभन्दा महत्वपूर्ण क्षणका रुपमा लिन्छन् । फेशन डिजाइन यात्रामा झण्डै तीन दशक परिपक्व देखिएपनि गुरुङ यस क्षेत्रमा भर्खरै सुरुआत गर्दै गरेको धारणा राख्छन् । उनका अनुसार फेशन क्षेत्रमा सिक्ने तत्परता सधैँ कामय राख्नुपर्छ । सिक्ने निरन्तरतालाई नै उनले आफ्नो सफलताको मुल सुत्र मानेका छन्। गुरुङले भन्छन्, 'फेशन क्षेत्र सागर हो। जति सिक्दै गयो उति गहिराइमा पुगिन्छ । त्यसैले मैले यस क्षेत्रमा भर्खरै बामेसर्दै गरेको शिशु ठान्छु । अझै धेरै काम गर्न बाँकी छ।'

हारपर कोलिन्सले सन्, २०२६ मा प्रकाशन गरेको गुरुङको पुस्तक 'वक लाइक अ गल्स' को कथा रोचक छ । उनले केटीको चालमा केन्द्रित भएर पुस्तकको शीर्षक राख्नुमा गुरुङकै बाल्यकालको भोगाइ समेटिएको बताए । सानो छँदा केटी जस्तै हिँड्ने भन्दै साथीभाइले गिज्याउने गरेको क्षणलाई उनले किताबको मुख्य शीर्षक बनाएको सुनाए । सृष्टि सिर्जना गर्ने क्षमता राख्ने महिला पात्रप्रति समाजको हेपाह दृष्टिलाई चिर्न पनि पुस्तकको शीर्षक यस्तो राख्नुपरेको गुरुङले बताए । 'केटी जस्तो हिँड्दा के फरक पर्छ ? म त भन्छु हिँडाइ केटीको जस्तै हुनुपर्छ', उनले भने, 'जहाँ, शान्ती, सभ्यता र गाम्भीरता झल्किन्छ ।' एक अर्थमा गुरुङले पुस्तकमार्फत नारी अस्तित्वलाई स्वीकार भावले हेर्न आग्रह गरेको प्रष्ट पारे।

यसैगरी, अर्को दृष्टिमा आफ्नो पुस्तकले युवापुस्तालाई लक्ष्य प्राप्तिका लागि सङ्घर्ष गर्न प्रेरणा मिल्नसक्ने गुरुङले विश्वास व्यक्त गरे । उनले भने, 'मैले चर्चा पाउन काम सुरु गरिन्, मेहनतको निरन्तरताले गर्दा सफलता आफैँ आउँदै गयो । पुस्तकले यही सन्देश दिन खोजेको छ, मेहनत गर । सफलता आफैँ आउँछ', मण्डला बुक प्वाइन्टका प्रमुख सिद्धार्थ महर्जनले गुरुङको हस्तारक्षित १०० भन्दाबढी पुस्तक बिक्री भएको बताए । पाठकहरु पुस्तक किन्नुका साथै गुरुङसँग भलाकुसारी गर्ने अवसर पाउँदा हर्षित थिए।रासस

# नागढुंगा–मुग्लिन सडक बिस्तारको काम पुनः सुरु



**काठमाडौं।**
पूर्वाधार विकास मन्त्री सुनिल लम्सालको पहलपछि पृथ्वीराजमार्ग अन्तर्गत नागढुंगा–मुग्लिन सडक खण्ड बिस्तारको कामले गति लिएको छ। नौबिसे–मलेखु र मलेखु–मग्लिन सडकखण्डमा करिब चार सय मजदुरहरु खटिएर काम गरिरहेका छन्।

मध्यपूर्वमा बढ्दै गएको भू–राजनीतिक तनावका कारण नेपालमा अलकत्रा (बिटुमिन) आयात ठप्प भएपछि यो महत्त्वपूर्ण सडक विस्तार र पुल निर्माणको काम लामो समयदेखि प्रभावित बनेको थियो।

पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले मूल्य समायोजन गर्ने आश्वासन दिएपछि र स्थानीय पालिकाहरुबाट निर्माण सामग्री प्रबन्ध मिलाउन सहजीकरण गरेपछि निर्माण व्यवसायीले काममा गति दिएका हुन्।

अहिले धेरै उकालो रहेको तथा सवारीका लागि अप्ठ्यारो रहेको ठाउँ र बजार क्षेत्रमा पहिला पिच गरेर सहज ठाउँमा क्रमागत रुपमा काम गर्ने निर्माण व्यवसायीको तयारी छ।रासस

# महाधिवेशनअघि रास्वपाको...

महाधिवेशनअघि नै अधिवेशन सम्पन्न गराउने प्रयास जारी रहेको बताएका छन् । उनका अनुसार सदस्यता नवीकरण, नेतृत्व चयनलगायत विषयमा देखिएका त्रुटि सच्याउन प्रदेश नेतृत्व तयार रहेको र यस विषयमा पार्टी नेतृत्व तथा निर्वाचन आयोगसँग निरन्तर छलफल भइरहेको छ । तर अहिलेसम्म आयोगबाट कुनै ठोस निर्णय नभएको उनले बताए। साहले निर्वाचित सांसदहरूले पार्टी स्थापना कालदेखि नै संगठन निर्माणमा महत्वपूर्ण भूमिका खेलेकाले उनीहरूको सक्रियता स्वाभाविक भएको पनि उल्लेख गरे।

यता जिल्ला तहका केही नेताहरूले पार्टीका केन्द्रीय प्रवक्ता मनिष झा, मधेश प्रदेश सभापति तपेश्वर यादव तथा समानुपातिक सांसद पुरुषोत्तम यादवलगायत नेताहरूको स्वार्थका कारण अधिवेशन स्थगित भएको आरोप लगाएका छन् । मधेश प्रदेशमा विवाद जारी रहे पनि रास्वपाले अन्य प्रदेशमा संगठनात्मक प्रक्रिया अगाडि बढाएको छ । बागमती, कोशी र गण्डकी प्रदेशमा नयाँ नेतृत्व चयन भइसकेको छ भने लुम्बिनी प्रदेशमा सर्वसम्मत नेतृत्व चयन गरिएको छ । कर्णाली प्रदेशमा आइतबार र सुदूरपश्चिम प्रदेशमा सोमबार अधिवेशन हुँदैछ।

पार्टी स्थापना भएको चार वर्ष पूरा भएको अवसरमा रास्वपाले असार ७, ८ र ९ गते चितवनमा प्रथम राष्ट्रिय महाधिवेशन आयोजना गर्ने निर्णय गरिसकेको छ। निर्वाचन आयोगका अनुसार महाधिवेशनमा करिब २ हजार ५ सयदेखि ३ हजारसम्म प्रतिनिधिको सहभागिता रहनेछ। गत फागुनमा करिब तीन लाख रहेको पार्टी सदस्य संख्या जेठ मसान्तसम्म बढेर करिब ६ लाख पुगेको आयोगको दाबी छ।

# विश्वप्रकाशले असन्तुष्ट पक्षलाई पठाएको सात बुँदे सहमतीको प्रस्ताव सार्वजनिक

**काठमाडौं।**
नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टीभित्रको असन्तुष्ट पक्षलाई आन्तरिक रुपमा पठाएको सात बुँदे सहमतीको प्रस्ताव आइतबार सार्वजनिक भएको छ । जेठ १६ गते आन्तरिक रूपमा पठाइएको उक्त प्रस्तावमा १६ दिनसम्म इतर पक्षबाट कुनै जवाफ नआएपछि सार्वजनिक गरिएको हो। 'सबैसँगै बढौं यसरी' शीर्षकमा तयार गरिएको प्रस्तावमा विशेष महाधिवेशनपछि देखिएको राजनीतिक अवस्थालाई स्वीकार गर्दै विगतका मतभेद बिर्सेर पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउन आग्रह गरिएको छ।




प्रस्तावको पहिलो बुँदामा पार्टी विधानको दफा (७९२) बमोजिम सम्पन्न विशेष महाधिवेशन, निर्वाचन आयोगले गरेको अद्यावधिक तथा सर्वोच्च अदालतबाट भएको अन्तिम निर्णयलाई आत्मसात गर्दै सबै विवादलाई बिर्सेर एकताबद्ध भएर अघि बढ्नुपर्ने उल्लेख गरिएको छ। साथै विशेष महाधिवेशनको प्रक्रिया र परिणामप्रति असहमति भए त्यसलाई १५औं महाधिवेशनको बन्दसत्रमा मौखिक वा लिखित रूपमा राजनीतिक एजेन्डाका रूपमा उठाउन सकिने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

यसैगरी विशेष महाधिवेशनमा सहभागी भएको वा नभएको आधारमा कुनै पनि सदस्यप्रति विभेदपूर्ण व्यवहार नगर्ने प्रतिबद्धता पनि प्रस्तावमा समावेश गरिएको छ । दोस्रो बुँदामा १५औँ महाधिवेशनको तयारीका क्रममा क्रियाशील सदस्यता अध्यावधिकको काम निर्धारित समयभित्र सम्पन्न गर्ने तथा यससम्बन्धी विधानमा रहेका अस्पष्टतालाई स्पष्ट पारेर अघि बढ्ने उल्लेख छ।

तेस्रो बुँदामा लामो समयदेखि पार्टीमा योगदान दिएका अग्रज नेताहरूलाई केन्द्रीय समितिमा 'वरिष्ठ नेता' का रूपमा सम्मानजनक भूमिका प्रदान गर्ने प्रस्ताव गरिएको छ।

चौथो बुँदाअनुसार विगतमा केन्द्रीय समितिमा रहेका वा नरहेका, जिम्मेवारी निर्वाह गर्न इच्छुक व्यक्तिहरूलाई सम्मानजनक रूपमा केन्द्रीय समितिमा समावेश गर्ने तथा कार्यसम्पादन समितिमा पनि उचित सहभागिता सुनिश्चित गर्ने प्रस्ताव गरिएको छ । साथै, महाधिवेशनमा स्वतः प्रतिनिधि हुने पुरानो परम्पराको अन्त्य गर्दै केन्द्रीय समितिका सबै सदस्यले वडा तहबाटै प्रतिनिधि निर्वाचित भएर आउनुपर्ने व्यवस्था गर्नुपर्ने धारणा पनि राखिएको छ।

पाँचौँ बुँदामा १५औँ महाधिवेशन सञ्चालन गर्ने निर्वाचन समिति, अनुशासन समिति र क्रियाशील सदस्यता व्यवस्थापन समितिमा सम्मानजनक सहभागिता र सहकार्यको प्रस्ताव गरिएको छ।

छैटौँ बुँदामा केन्द्रीय समितिको अंगका रूपमा १५औँ महाधिवेशन व्यवस्थापन समिति गठन गर्ने प्रस्ताव गरिएको छ भने सातौँ बुँदामा भ्रातृ तथा शुभेच्छुक संस्थाहरूमा काम गर्न इच्छुक नेताहरूलाई सभापति, पदाधिकारी वा उनीहरूको योग्यता र इच्छाअनुसार जिम्मेवारी प्रदान गर्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ।

उपसभापति शर्माको यो प्रस्ताव विशेष महाधिवेशनपछि पार्टीभित्र देखिएको असन्तुष्टि अन्त्य गर्दै संवाद, सहकार्य र एकताको आधार तयार गर्ने प्रयासका रूपमा थियो । रासस

## जितपुरसिमरा उपमहानगरपालिकाः

# दुई महत्वपूर्ण भवन निर्माणा ठेक्का सम्झौता रद्द

**मधेशदृष्टि**
**सिमरा।**
निर्माण कार्यमा निरन्तर ढिलासुस्ती र सम्झौता अनुसारको जिम्मेवारी पूरा गर्न नसके पछि जीतपुरसिमरा उपमहानगरपालिकाले दुई महत्वपूर्ण भवन निर्माण योजनाको ठेक्का सम्झौता रद्द गरेको छ । उपमहानगरपालिकाले हद भएपछि पहिलो पटक निर्माण व्यवसायीविरुद्ध कडा कारवाइ गरिएको जनाएको छ।

उपमहानगरपालिकाले वडा नं. ७ स्थित फकिरागिरी विद्यालय भवन तथा वडा नं. १२ को वडा कार्यालय भवन निर्माणको जिम्मा लिएको एन.के. कन्स्ट्रक्सन पर्सा सँगको सम्झौता औपचारिक रूपमा अन्त्य गरेको जनाएको छ । दुवै योजना आर्थिक वर्ष २०८१÷०८२ मा सम्झौता भई कार्यान्वयनमा गएको भएपनि तोकिएको समयभित्र निर्माण सम्पन्न हुन नसकेपछि ठेक्का रद्द गर्ने निर्णय गरिएको हो।

पूर्वाधार विकास शाखा प्रमुख अभयकान्त झाका अनुसार निर्माण कम्पनीलाई पटक–पटक मौखिक तथा लिखित रूपमा काम तीव्र बनाउन आग्रह गरिएको थियो । निर्माणको अवस्था सन्तोषजनक नभएपछि वैशाख २२ गते १५ दिने स्पष्टीकरण सहितको सूचना जारी गरिएकोमा, कम्पनीले कुनै ठोस कदम नचाले पछि सम्झौता रद्ध गरिएको हो।

# सरसफाई तथा जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका ४ भगवतीटोलस्थित बिकन स्कुलका विद्यार्थीहरूले सरसफाइ तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । स्कुलमा अध्ययनरत विद्यार्थीहरूको समूह बिकन सोसल वेलफेयर युनिट को आयोजनामा वीरगंज–१५ स्थित भिस्वा डाँडा परिसरमा सरसफाइ गरिएको हो।

विद्यालयका सञ्चालक प्रकाश उपाध्यायको संयोजकत्वमा भएको कार्यक्रममा प्रकृति सेवा प्रतिष्ठान नेपालका संस्थापक अध्यक्ष सरदार जसपाल सिंह, सचिव अविनाश झा, सामुदायिक प्रहरी कुम्हालटोलका सचिव श्रवणबहादुर रायमाझी, स्कुलका लेखापाल तथा प्रशिक्षक सुभाष सिंह, कार्यक्रम संयोजक शिक्षक रोहित शर्मा, बिकन सोसल वेलफेयर युनिटका संयोजक सौरभ गिरि लगायतको सहभागिता थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रकृति सेवा प्रतिष्ठान नेपालका अध्यक्ष जसपाल सिंहले फोहोर उत्पादन नै कम गर्न सके सरसफाइको आवश्यकता पनि न्यून हुने बताए । त्यसैगरी स्कुलका सञ्चालक प्रकाश उपाध्यायले सरसफाइ मानव जीवनको अत्यन्त महत्वपूर्ण पक्ष भएको उल्लेख गर्दै यसले मानिसलाई निरोगी र स्वस्थ राख्न मद्दत गर्ने बताए।

# विश्व रक्तदाता दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
आइतबार विश्व रक्तदाता दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँएको छ । 'मानवताका लागि एक थोपा रगत, रक्तदान गरौँ, जीवन बचाऔँ' भन्ने मुख्य नारासहित दिवस मनाइँदै आएको हो।

सुरक्षित रगत तथा रगतजन्य पदार्थको आवश्यकताबारे जनचेतना अभिवृद्धि गर्नुका साथै निःशुल्क तथा स्वेच्छिक रूपमा रक्तदान गर्ने रक्तदाताप्रति सम्मान व्यक्त गर्ने उद्देश्यले हरेक वर्ष जुन १४ मा यो दिवस मनाइने गरेको छ । वीरगंज र यस आसपासका क्षेत्रमा पछिल्ला दिनहरूमा रगतको अभाव रहेको रक्त संचार केन्द्र वीरगंजले जनाएको छ।

प्रचण्ड गर्मीका कारण रक्तदान कार्यक्रमहरू कम हुन थालेपछि रगत संकलन प्रभावित भएको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए । बिरामीहरूको उपचारका लागि दैनिक रूपमा विभिन्न समूहको रगत आवश्यक पर्ने भएपनि अपेक्षित मात्रामा रगत संकलन हुन नसक्दा समस्या देखिन थालेको हो । पाण्डेले विभिन्न संघसंस्था, सामाजिक संगठन तथा नागरिकलाई रक्तदान कार्यक्रम आयोजना गर्न आग्रह गरेका छन्।

# लागुऔषध सहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
कारको टायरमा गोली हानेर ललितपुरमा प्रहरीले बाराका एकजना सहित तीनजनालाई पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरको टोलीले ठूलो मात्रामा लागुऔषध बरामद गर्नुका साथै तीन जना लाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा बाराको सिम्रौनगढ नगरपालिका–३ घर भएका ३५ वर्षीय जितेन्द्र पासवान, भारतीय नागरिक ३२ वर्षीय अहमद लड्न र अर्का भारतीय ३३ वर्षीय महमद सद्दाम छन्।

बाराको सिम्रौनगढबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश बीएडी ९२०१ नम्बरको रातो कारभित्र ठूलो परिमाणमा लागुऔषध ट्रामोडल ल्याएको सूचना पाएपछि ब्यूरोको टोलीले पिछा गरेको थियो।

उक्त कारका साथै बा ५२ प ४५६७ नम्बरको मोटरसाइकल समेत भेटिएको र रोक्न खोज्दा भागेपछि टायरमा गोली हानेर नियन्त्रणमा लिइएको ब्युरोका एसपी तथा प्रवक्ता दुर्गाराज रेग्मीले बताए।

दायाँतर्फको टायरमा एक राउण्ड गोली हानिएको प्रहरीले बताएको छ । उनीहरूबाट २० हजार क्याम्सुल ट्रामाडोल बरामद गरिएको प्रहरीले बताएको छ। यसका साथै ५ थान मोबाइल पनि बरामद भएको छ।

# रौतहटमा एकैदिन पाँच सयको आँखा परीक्षण



**रौतहट।**
रौतहटमा एकैदिन बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गरी पाँच सयभन्दा बढी नागरिकको आँखा परीक्षण गरेको छ । नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित गौर आँखा अस्पतालले आफ्नो महाअभियानअन्तर्गत तीन फरक–फरक स्थानमा आँखा परीक्षण गरेको हो।

बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो । सेवा फाउन्डेसनको सहयोगमा निजी तथा सामुदायिक विद्यालयबाट छनोट गरिएका बालबालिकालाई लक्षित गरी विशेष आँखा परीक्षण कार्यक्रम समकेत सञ्चालन गरिएको थियो । गौर आँखा अस्पतालका नेत्रअधिकृत शिवकुमार यादव, दृष्टि विशेषज्ञ पुनम यादवसहित करिब १५ सदस्यीय प्राविधिक टोलीले आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरेको थियो।

परीक्षणका क्रममा दृष्टिदोष पहिचान भएका ८३ बालबालिकालाई निःशुल्क चश्मा वितरण गरिएको नेत्रअधिकृत यादवले जानकारी दिए । उनका अनुसार समयमै दृष्टिदोषको पहिचान र उपचारले बालबालिकाको अध्ययन तथा दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ।

यस्तै डाक फाउन्डेसनको सहयोगमा यमुनामाई गाउँपालिका–४ स्थित जनता मावि, सरुअठा तथा मौलापुर नगरपालिकाअन्तर्गत पथराबुधराम क्षेत्रमा ज्येष्ठ नागरिक लक्षित बृहत् आँखा शिविर सञ्चालन गरिएको थियो । मौलापुरमा अस्पतालकी नेत्रअधिकृत विनीता केशरी, अशोक पासवान, अर्चना सिंहलगायत १२ सदस्यीय प्राविधिक टोलीले स्थानीयको आँखा परीक्षण गरेको थियो।

शिविरमा ४२३ ज्येष्ठ नागरिकको आँखा परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरेको अस्पतालकी नेत्रअधिकृत केशरीले जानकारी दिए । शिविरका क्रममा मोतियाबिन्दु पुष्टि भएका ६८ जनालाई निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको उनले बताए।

केशरीका अनुसार छनोट भएका बिरामीलाई अस्पतालसम्म ल्याउने, शल्यक्रियापछि पुनः घरसम्म पुर्याउने तथा सम्पूर्ण उपचार खर्च अस्पतालकै योजनाअन्तर्गत निःशुल्क व्यवस्था गरिएको थियो । ती बिरामीको गौर आँखा अस्पतालमा विशेषज्ञ चिकित्सकको टोलीद्वारा लेन्ससहित निःशुल्क मोतियाबिन्दु शल्यक्रिया गरिने भएको छ ।अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेयले शल्यक्रियादेखि घर फर्काउने व्यवस्थासम्म सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइने बताउँदै यस्ता महाअभियानले ग्रामीण तथा विपन्न समुदायमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुर्याएको बताए।

'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी–आँखा सेवामा सबैको साझेदारी' मूल नारासहित गौर आँखा अस्पतालले सञ्चालन गरिरहेको महाअभियान वर्षभरि जारी रहने अस्पतालका प्रशासक नागेश्वरप्रसाद चौधरीले जानकारी दिए। रासस

# स्कुटर दुर्घटना हुँदा दुई किशोरी घाइते

**मधेशदृष्टि**
**बारा।**
जीतपुरसिमरा उपमहानगरपालिका ७ जीतपुर बजारमा आइतबार स्कुटर दुर्घटना हुँदा दुई किशोरी घाइते भएका छन् । सिमरातर्फ जाँदै गरेको मधेश प्रदेश ०३–०३९ प २६८६ नम्बरको स्कुटर अनियन्त्रित भई भागिरथ लाइन होटल अगाडि दुर्घटना भएको हो।

दुर्घटनामा स्कुटर चालक जीतपुरसिमरा उपमहानगरपालिका १७ रामनगरकी १६ वर्षीया सुप्रिया मोक्तान गम्भीर घाइते भएकी छन् । उनको टाउकोसहित शरीरका विभिन्न भागमा चोट लागेको छ । यसैगरी स्कुटरको पछाडि सवार सोही स्थानकी १६ वर्षीया सुप्रिया रुम्बा पनि घाइते भएकी छन्।

उनको अनुहार, बायाँ हात तथा दुवै खुट्टामा चोट लागेको प्रहरीले जनाएको छ । दुवै घाइतेको एलएस न्युरो अस्पताल, परवानीपुर बारामा उपचार भइरहेको छ।

# एक क्वीन्टल गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका–३ मुरैयाचोकबाट प्रहरीले करिब १०० किलोग्राम गाँजा बरामद गरेको छ । खेतमा लुकाएर राखिएको अवस्थामा फेला परेको गाँजा सशस्त्र प्रहरी र नेपाल प्रहरी को संयुक्त टोलीले नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी हरिबहादुर बस्नेतका अनुसार विशेष सूचनाको आधारमा गरिएको खोजतलासका क्रममा पाँच वटा बोरामा राखिएको गाँजा आइतबार बरामद गरिएको हो । सो सम्बन्धमा विस्तृत अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार गाँजा कसले लुकाएर राखेको हो भन्ने विषय अझै खुल्न सकेको छैन । संलग्न व्यक्तिको पहिचान र खोजी कार्य तीव्र पारिएको डीएसपी बस्नेतले बताउनुभयो।

# सरुवा भएको एकवर्ष बित्दा पनि दरबन्दीमा गएनन् बरिष्ठ सई लामा

**मधेशदृष्टि**
**वीरगंज।**




जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत बरिष्ठ प्रहरी नायब निरीक्षक (बरिष्ठ सई) मेगजन लामा सरुवा भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि आफ्नो दरबन्दी रहेको कार्यालयमा नपुगेको तथ्य सार्वजनिक भएको छ । प्रहरी स्रोतका अनुसार लामाको सरुवा प्रदेश प्रहरी गण, ढल्केबरमा भइसकेको भए पनि उनी हालसम्म त्यहाँ हाजिर हुन गएका छैनन्। बरु काज सरुवामार्फत जिल्ला प्रहरी कार्यालय पर्सामै रहेर सुबेदार मेजरको जिम्मेवारी सम्हालिरहेका छन्।

स्रोतका अनुसार प्रदेश प्रहरीको काज अवधि समाप्त भइसके पनि लामाले दरबन्दी भएको कार्यालयमा रवाना हुने प्रक्रिया अघि नबढाएको बताइएको छ । प्रहरी संगठनभित्र उनको लामो समयदेखिको बसाइबारे विभिन्न प्रश्न उठ्न थालेका छन् । प्रहरी वृत्तमा भएको चर्चाअनुसार लामाकी श्रीमती समेत नेपाल प्रदेश प्रहरी कार्यालय, वीरगंजमा कार्यरत रहेकाले उनी पर्सा नछाड्न चाहेको बताइन्छ। पारिवारिक तथा व्यक्तिगत कारण देखाउँदै उनी वीरगंजमै बस्न खोजिरहेको चर्चा प्रहरी संगठनभित्र भइरहेको स्रोतको दाबी छ।

बाराको सिमरा उपमहानगरपालिका निवासी लामा घरपायक पर्ने स्थानमा बस्न चाहेकाले संगठनभित्रको पहुँच र प्रभाव प्रयोग गरी सरुवा कार्यान्वयन हुन नदिएको आरोप समेत लाग्दै आएको छ । उनीसँगै सरुवा भएका अधिकांश प्रहरी कर्मचारी भने आ–आफ्नो नयाँ कार्यस्थलमा पुगिसकेका छन्।

यस विषयमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले संगठनको आवश्यकता अनुसार प्रहरी कर्मचारीलाई काजमा खटाइने गरेको बताए । लामाले प्रभावका आधारमा लामो समयदेखि काजमै बसेको भन्ने आरोपबारे सञ्चारकर्मीले जिज्ञासा राख्दा उनले त्यसलाई अस्वीकार गरे।

'संगठनको आवश्यकताअनुसार काजमा खटाउने व्यवस्था छ। काजको निश्चित समयसीमा नै तोकिएको हुँदैन,' प्रवक्ता बस्नेतले भने।

प्रहरी संगठनभित्र सरुवा निर्णयको कार्यान्वयनमा समान मापदण्ड लागू हुनुपर्ने बहस भइरहेका बेला बरिष्ठ सई लामाको विषयले फेरि एकपटक प्रहरी प्रशासनभित्रको काज र सरुवा व्यवस्थापनमाथि प्रश्न खडा गरेको छ।

# रौतहटमा एकैदिन पाँच सयको आँखा परीक्षण

**रौतहट।**
रौतहटमा एकैदिन बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गरी पाँच सयभन्दा बढी नागरिकको आँखा परीक्षण गरेको छ । नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित गौर आँखा अस्पतालले आफ्नो महाअभियानअन्तर्गत तीन फरक–फरक स्थानमा आँखा परीक्षण गरेको हो।

बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो । सेवा फाउन्डेसनको सहयोगमा निजी तथा सामुदायिक विद्यालयबाट छनोट गरिएका बालबालिकालाई लक्षित गरी विशेष आँखा परीक्षण कार्यक्रम समकेत सञ्चालन गरिएको थियो। गौर आँखा अस्पतालका नेत्रअधिकृत शिवकुमार यादव, दृष्टि विशेषज्ञ पुनम यादवसहित करिब १५ सदस्यीय प्राविधिक टोलीले आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरेको थियो।

परीक्षणका क्रममा दृष्टिदोष पहिचान भएका ८३ बालबालिकालाई निःशुल्क चश्मा वितरण गरिएको नेत्रअधिकृत यादवले जानकारी दिए । उनका अनुसार समयमै दृष्टिदोषको पहिचान र उपचारले बालबालिकाको अध्ययन तथा दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ।


यस्तै डाक फाउन्डेसनको सहयोगमा यमुनामाई गाउँपालिका–४ स्थित जनता मावि, सरुअठा तथा मौलापुर नगरपालिकाअन्तर्गत पथराबुधराम क्षेत्रमा ज्येष्ठ नागरिक लक्षित बृहत् आँखा शिविर सञ्चालन गरिएको थियो । मौलापुरमा अस्पतालकी नेत्रअधिकृत विनीता केशरी, अशोक पासवान, अर्चना सिंहलगायत १२ सदस्यीय प्राविधिक टोलीले स्थानीयको आँखा परीक्षण गरेको थियो।

शिविरमा ४२३ ज्येष्ठ नागरिकको आँखा परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरेको अस्पतालकी नेत्रअधिकृत केशरीले जानकारी दिए । शिविरका क्रममा मोतियाबिन्दु पुष्टि भएका ६८ जनालाई निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको उनले बताए।

केशरीका अनुसार छनोट भएका बिरामीलाई अस्पतालसम्म ल्याउने, शल्यक्रियापछि पुनः घरसम्म पुर्याउने तथा सम्पूर्ण उपचार खर्च अस्पतालकै योजनाअन्तर्गत निःशुल्क व्यवस्था गरिएको थियो । ती बिरामीको गौर आँखा अस्पतालमा विशेषज्ञ चिकित्सकको टोलीद्वारा लेन्ससहित निःशुल्क मोतियाबिन्दु शल्यक्रिया गरिने भएको छ।

अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेयले शल्यक्रियादेखि घर फर्काउने व्यवस्थासम्म सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइने बताउँदै यस्ता महाअभियानले ग्रामीण तथा विपन्न समुदायमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुर्याएको बताए।

'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी–आँखा सेवामा सबैको साझेदारी' मूल नारासहित गौर आँखा अस्पतालले सञ्चालन गरिरहेको महाअभियान वर्षभरि जारी रहने अस्पतालका प्रशासक नागेश्वरप्रसाद चौधरीले जानकारी दिए। रासस



## महिला सशक्तीकरणः

# प्रगतिशील र सफल समाजको आधारशिला

अधिवक्ता शिव गणेश कर्नाटी

कुनै राष्ट्रको वास्तविक प्रगति केवल आर्थिक वृद्धि, प्रविधिगत विकास वा विश्वव्यापी प्रभावबाट मात्र मापन हुँदैन; त्यसको मापन त्यहाँका महिलाको अवस्था, सम्मान, अधिकार र सशक्तीकरणबाट पनि गरिन्छ । इतिहासभर महिलाले परिवार, समुदाय, व्यवसाय र राष्ट्र निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। तथापि, उल्लेखनीय प्रगतिका बाबजुद आज पनि विश्वभरका लाखौँ महिलाहरू आफ्ना पूर्ण क्षमता र सम्भावनाको उपयोग गर्नबाट विभिन्न अवरोधका कारण वञ्चित छन्।

महिलाका अधिकार केवल कानुनी सुविधा वा विशेषाधिकार मात्र होइनन्, ती आधारभूत मानव अधिकार हुन् । प्रत्येक महिलाले शिक्षा, स्वास्थ्य सेवा, रोजगारीका अवसर, नेतृत्वदायी भूमिका तथा न्यायमा समान पहुँच प्राप्त गर्नुपर्छ । जब महिला सशक्त हुन्छन्, समाज समृद्ध बन्छ । जब महिला सफल हुन्छन्, त्यसको सकारात्मक प्रभाव सम्पूर्ण पुस्तामा पर्छ।

महिला सशक्तीकरणका लागि शिक्षा सबैभन्दा प्रभावकारी माध्यममध्ये एक हो । शिक्षित महिलाले आफ्नो जीवन मात्र परिवर्तन गर्दिनन्, परिवार र समुदायलाई समेत सकारात्मक दिशामा अग्रसर गराउँछिन् । विभिन्न अध्ययनहरूले देखाएका छन् कि गुणस्तरीय शिक्षा प्राप्त महिलाहरूले स्थायी रोजगारी हासिल गर्ने, आर्थिक विकासमा योगदान पु¥याउने तथा स्वस्थ र शिक्षित सन्तान हुर्काउने सम्भावना बढी हुन्छ।

आर्थिक आत्मनिर्भरता पनि उत्तिकै आवश्यक छ । आज महिलाहरू उद्यमी, वैज्ञानिक, शिक्षक, वकिल, पेशाकर्मी र नेतृत्वदायी व्यक्तित्वका रूपमा विश्वभर नवप्रवर्तन र विकासको अग्रपङ्क्तिमा छन् । तर वास्तविक समानता हासिल गर्न लैङ्गिक विभेद, असमान पारिश्रमिक, कार्यस्थलमा हुने दुर्व्यवहार तथा नेतृत्वमा सीमित पहुँचजस्ता संरचनागत अवरोधहरू हटाउन आवश्यक छ । सरकार, व्यवसायिक संस्था र अन्य निकायहरूले महिलाको प्रतिभा र योग्यताको आधारमा उनीहरूलाई अघि बढ्न सक्ने वातावरण निर्माण गर्नुपर्छ।

एक कानुनी व्यवसायीको रूपमा मैले समाजमा महिलाले भोग्ने चुनौतीहरू र हासिल गरेका सफलताहरू दुवै नजिकबाट देखेको छु। महिलामाथि हुने विभेद, हिंसा र अन्यायबाट संरक्षण गर्न कानुनले महत्वपूर्ण भूमिका खेल्छ तर कानुनी संरचना मात्र पर्याप्त हुँदैन । वास्तविक परिवर्तन तब सम्भव हुन्छ जब समाजले सम्मान, समानता र अवसरको संस्कृतिलाई आत्मसात् गर्छ।

महिलाको सफलता अपवाद होइन, सामान्य अवस्था बन्नुपर्छ । बोर्डरुमदेखि अदालतसम्म, कक्षाकोठादेखि प्रयोगशालासम्म महिलाहरूले निरन्तर नयाँ सम्भावनाहरू सिर्जना गर्दै बाधा–अवरोधहरू तोडिरहेका छन्। उनीहरूको उपलब्धिले भावी पुस्तालाई अझ ठूलो सपना देख्न र उच्च लक्ष्य हासिल गर्न प्रेरित गर्छ।

महिला सशक्तीकरण केवल महिलासँग सम्बन्धित विषय मात्र होइन; यो सम्पूर्ण समाजको साझा जिम्मेवारी हो । परिवारले छोरीहरूलाई आफ्ना सपना र लक्ष्य पछ्याउन प्रोत्साहित गर्नुपर्छ। शैक्षिक संस्थाहरूले आत्मविश्वास र नेतृत्व क्षमताको विकास गर्नुपर्छ। रोजगारदाताहरूले समान अवसर सुनिश्चित गर्नुपर्छ । नीति निर्माणकर्ताहरूले संरक्षणका उपायहरू सुदृढ गर्दै समावेशी नीतिहरू प्रवर्द्धन गर्नुपर्छ। भविष्य तिनै समाजहरूको हुनेछ, जसले आफ्ना सम्पूर्ण नागरिकहरूको क्षमता र प्रतिभालाई उपयोग गर्न सक्छन् । महिलामा लगानी गरेर, उनीहरूको अधिकारको संरक्षण गरेर तथा सफलताका मार्गहरू निर्माण गरेर हामी केवल व्यक्तिलाई सशक्त बनाइरहेका हुँदैनौँ; हामी बलियो अर्थतन्त्र, स्वस्थ समुदाय र समृद्ध राष्ट्र निर्माण गरिरहेका हुन्छौँ। आउनुहोस्, हामी सबै मिलेर यस्तो संसार निर्माण गरौँ जहाँ प्रत्येक महिलासँग सपना देख्ने स्वतन्त्रता, सफलता हासिल गर्ने अवसर र नेतृत्व गर्ने क्षमता होस् । किनभने जब महिलाहरू माथि उठ्छन्, सम्पूर्ण मानवता उनीहरूसँगै माथि उठ्छ । 'सशक्त महिलाहरू केवल प्रगतिका लाभग्राही मात्र होइनन्, उनीहरू उज्ज्वल र समृद्ध भविष्यका निर्माता पनि हुन्।'

सम्पादकीय

## भवितव्यको पर्दामुनि लुकाइएको हत्या:

# अब जवाफदेहिता कहाँ छ ?

अर्घाखाँचीको एउटा घटनाले नेपाल प्रहरीको अनुसन्धान प्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको छ। तीन वर्षसम्म 'भवितव्य मृत्यु' भनेर थन्क्याइएको फाइल पुनः अनुसन्धान हुँदा हत्या भएको तथ्य बाहिरिनु सामान्य त्रुटि होइन, यो राज्यको अनुसन्धान संयन्त्रभित्र रहेको गम्भीर कमजोरी, गैरव्यावसायिकता र सम्भावित मिलेमतोको संकेत हो । अझ चिन्ताजनक कुरा त के छ भने, मृतकका परिवारले सुरुदेखि नै हत्या भएको आशंका व्यक्त गर्दै आएका थिए, तर प्रहरी प्रशासनले त्यसलाई बेवास्ता ग¥यो । पदमबहादुर केसीको मृत्यु भएको दिनदेखि नै घटनामा अनेकौं प्रश्न थिए । घटनास्थलको अवस्था, गोली लागेको प्रकृति, बरामद भएका बारुद, छर्रा र अन्य सामग्रीले सामान्य दुर्घटनाभन्दा फरक संकेत गरिरहेका थिए । तर अनुसन्धान गर्ने जिम्मेवारी पाएको निकायले यी तथ्यहरूलाई गम्भीरतापूर्वक विश्लेषण गरेन । बरु शंकास्पद व्यक्तिहरूको कथनलाई नै सत्य मानेर घटनालाई भवितव्य मृत्युको निष्कर्षमा पु¥याइयो । यस्तो अनुसन्धानले प्रहरीको व्यावसायिक क्षमता र निष्पक्षतामाथि नै प्रश्न उठाउँछ। आज, त्यही घटनामा मुख्य अभियुक्तले हत्या स्वीकार गरेका छन्।

अदालतले उनलाई पुर्पक्षका लागि कारागार पठाइसकेको छ । यसले स्पष्ट पार्छ कि तीन वर्षअघि गरिएको अनुसन्धान केवल कमजोर मात्र थिएन, त्यो न्यायलाई अवरुद्ध गर्ने खालको थियो। यदि मृतककी पत्नी वसन्ता केसीले निरन्तर आवाज नउठाएको भए, यदि नयाँ प्रहरी नेतृत्वले फाइल पुनः नखोलेको भए, सम्भवतः यो हत्या सधैंका लागि भवितव्य मृत्युको नाममा दबाइन्थ्यो । झन् गम्भीर विषय भनेको छानबिन समितिले तत्कालीन प्रहरी प्रमुखदेखि अनुसन्धान अधिकृतसम्मलाई दोषी ठहर गरेको तथ्य हो। प्रतिवेदनले अनुसन्धानमा लापरबाही मात्र नभई प्रमाणको महत्व नष्ट गरिएको, अपराध अनुसन्धानलाई प्रभावित पारिएको र मोलाहिजाका आधारमा निर्णय गरिएको संकेत दिएको छ । यदि राज्यको अनुसन्धान निकाय आफैंले प्रमाण नष्ट गर्ने, अपराधीलाई जोगाउने वा सत्यलाई ढाकछोप गर्ने काम गर्छ भने नागरिकले न्यायको आशा कसरी गर्ने ? घटनास्थलबाट बरामद भएको भरुवा बन्दुक, बारुद, छर्रा र अन्य सामग्रीबारे अनुसन्धान नगरिनु कुनै सामान्य प्रशासनिक कमजोरी होइन। यो कर्तव्य पालनामा गम्भीर असफलता हो। अझ छानबिन समितिले नै प्रमाण नष्ट भएको निष्कर्ष निकालेको अवस्थामा केवल विभागीय कारबाही गरेर यो विषय टुंग्याउन मिल्दैन। यदि अनुसन्धान अधिकारीको कार्यले अपराधीलाई फाइदा पुगेको छ भने त्यसको कानुनी जवाफदेहिता पनि स्थापित हुनुपर्छ। नेपालमा अक्सर अपराधभन्दा पनि अनुसन्धानको कमजोरीले न्याय मारिने गरेको छ । प्रभाव, पहुँच, चिनजान र व्यक्तिगत सम्बन्धले अनुसन्धानलाई प्रभावित पार्ने प्रवृत्ति नयाँ होइन। अर्घाखाँचीको यो घटना त्यसैको एउटा ज्वलन्त उदाहरण बनेको छ । यसले देखाएको छ कि कतिपय अवस्थामा सत्य दबाउन राज्यका संयन्त्र नै प्रयोग हुने जोखिम रहन्छ।

अब प्रश्न केवल पदमबहादुर केसीको हत्याको छैन। प्रश्न यो पनि हो कि तीन वर्षसम्म सत्यलाई किन दबाइयो ? कसको संरक्षणमा अनुसन्धान मोडियो ? प्रमाण किन बेवास्ता गरियो ? र सबैभन्दा महत्वपूर्ण, यस्तो गल्ती दोहोरिन नदिन राज्यले के गर्ने ? प्रहरी प्रधान कार्यालयले छानबिन प्रतिवेदन अध्ययन गरिरहेको जनाएको छ। तर नागरिकले प्रतिवेदन अध्ययन मात्र होइन, स्पष्ट र कठोर कारबाहीको अपेक्षा गरेका छन्। अनुसन्धानमा लापरबाही गर्ने, प्रमाण नष्ट गर्ने वा अपराधीलाई संरक्षण दिने जोसुकै भएपनि उनीहरूलाई कानुनी दायरामा ल्याइनुपर्छ । अन्यथा यो घटना केवल एउटा हत्या प्रकरणको न्यायमा सीमित रहनेछैन, यसले सम्पूर्ण आपराधिक न्याय प्रणालीमाथिको जनविश्वासलाई थप कमजोर बनाउनेछ।

पदमबहादुर केसीको मृत्युले एउटा परिवारको सदस्य गुमाएको छ। तर यो घटनाले राज्यलाई एउटा ठूलो पाठ पनि दिएको छ सत्य ढाकेर न्यायलाई लामो समयसम्म रोक्न सकिएला, तर अन्ततः सत्य बाहिर आउँछ। अब राज्यको दायित्व सत्य उजागर गर्ने मात्र होइन, सत्यलाई दबाउनेहरूमाथि पनि समान कठोरता अपनाउनु हो। न्याय त्यतिबेला मात्र पूर्ण हुन्छ, जब अपराधी मात्र होइन, अपराध लुकाउनेहरू पनि जवाफदेही बन्छन्।

# 'प्राज्ञिक अनुसन्धानले सुशासन र पारदर्शितामा सघाउँछ'




काठमाडौँ ।

अनुसन्धान क्षेत्रका विज्ञहरूले प्राज्ञिक अनुसन्धानले देशको शैक्षिक विकासका अतिरिक्त मुलुकको बृहत्तर क्षेत्रको दिगो विकासका साथै सुशासन र पारदर्शीताको स्थापनामा समेत सहयोग पु¥याउने बताएका छन् । उनीहरुले वैज्ञानिक विधि अपनाएर गरिएका यस्ता अनुसन्धानहरुबाट प्राप्त निष्कर्ष एवं सुझावहरुले नीतिनिर्माण, योजना तर्जुमा र विकासका कार्यक्रमहरू निर्माण तथा सञ्चालन गर्न सहयोग पुग्ने धारणा राखेका हुन् । नेपाल फिलोसफिकल रिसर्च सेन्टर (एनपिआरसी) र अनुसन्धानदाता समाजद्वारा भक्तपुरमा आयोजित अनुसन्धानदाताहरुको दुईदिने दोस्रो राष्ट्रिय सम्मेलनको समापनका अवसरमा आइतबार धारणा राख्दै उनीहरुले शिक्षा, स्वास्थ्य, कृषि, समाज, राज्यको सेवा प्रवाहको आवश्यकता र अवस्था, प्रविधि, वातावरण लगायतका कैयौँ क्षेत्रमा गरिने अनुसन्धानले विद्यमान समस्याको पहिचान गरी समाधानका नयाँ उपाय सुझाउने हुन् । यसले राज्यका सरकारी निकाय, निजी क्षेत्र तथा सबै सरोकारवालाहरूलाई सही नीतिनिर्माण गर्न, आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गर्न र निर्णय लिन सहयोग पुग्ने धारणा राख्दै यस्ता प्राज्ञिक अनुसन्धानहरुलाई राज्यको सम्पत्तिका रुपमा लिन र आवश्यकताअनुसार तिनको कार्यान्वयनको वातावरण बनाउन आग्रह पनि गरे ।

वैज्ञानिक र तथ्यमा आधारित अनुसन्धानलाई प्राथमिकता दिन सकिएमा देशको आर्थिक तथा सामाजिक विकासले थप गति लिने भएकाले विश्वविद्यालयहरुमा अनुसन्धानमैत्री वातावरण निर्माण गर्नुपर्ने सुझाव उनीहरुको थियो । वैज्ञानिक तवरबाट गरिएका प्राज्ञिक अनुसन्धानहरुले मुलुकको शैक्षिक उन्नयनमा योगदान पर्याउनु त छँदैछ, यसबाट देशको विकास र सुशासनका क्षेत्रमा पनि ठूलो सघाउ पुग्ने धारणा वरिष्ठ अनुसन्धानदाता डा दशरथ न्यौपानेले राखे । एनपिआरसीका उपाध्यक्ष डा न्यौपानेले नेपालमा यस्तो वातावरणको बन्न नसकेको चर्चा गर्दै भने, 'राज्यको नीतिनिर्माण, नयाँ योजना या कार्यक्रम सञ्चालन, राज्यले प्रदान गर्दै आएका सेवाहरुको प्रभावकारिता लगायतका क्षेत्रमा गरिने राम्रो अनुसन्धानले सुशासन र पारदर्शिता स्थापनामा सहयोग गर्छ ।' अनुसन्धानदाता डा जनार्दन घिमिरेले नेपालमा 'आइएसओ ९००१ सर्टिफिकेट' सम्बन्धी अनुसन्धान प्रस्तुत गर्दै सुशासन कायम गर्न तथा उपभोक्ता अधिकारको संरक्षण गर्न यो अन्तरराष्ट्रिय मापदण्डको महत्व रहेको भए पनि यसको उचित पालना हुन नसकेको बताए । उनले भने, 'आइएसओ प्रमाणपत्र पाएपछि कतिले यसको नवीकरण नै नगरी वर्षौंसम्म यसैको प्रचार गरेका हुन्छन् भने कतिले लिएकै हुँदैनन् । यस विषयमा गरिएका कैयौँ अनुसन्धान छन्, तर तिनको कार्यान्वयनको पक्ष भने निराशाजनक छ ।' विद्यावारिधि या त्यसभन्दा माथिको अध्ययनमा शोधार्थीले बडो गहन र महत्वपूर्ण विषय या क्षेत्रमा अनुसन्धान गरेको भएपनि ती शोधहरुको कुनै प्रयोग नहुने गरेको र विश्वविद्यालयका पुस्तकालयहरुमा यसै थन्किएर बस्ने गरेको प्राध्यापक एवं अनुसन्धानदाताहरुको भनाइ थियो । राज्यभित्रका कैँयौँ अनियमितता, राष्ट्रिय आवश्यकता र अन्य कैयौँ सान्दर्भिक विषयमा हुने गरेका यस्ता अध्ययनहरु विश्वविद्यालयका पुस्तकालयहरुमा थन्किएर रहने गरेकाले ती अनुसन्धानदाताबाट राज्यले लाभ पनि लिनसक्ने उनीहरुको सुझाव थियो ।

एनपिआरसीका अध्यक्ष डा तेजबहादुर कार्कीले भने, 'प्राज्ञिक अनुसन्धानहरुको प्रयोजन सम्बन्धित विद्यार्थी या शोधार्थी दीक्षित हुने नै हो, तर वर्षौं लगाएर, वैज्ञानिक विधि अपनाएर सूक्ष्म ढङ्गबाट गरिएका ती अनुसन्धानका निष्कर्षलाई राज्यले सार्वजनिक सम्पत्तिका रुपमा कसरी लिन सकिन्छ भन्ने बारेमा सोच्दा राम्रो हुन्छ ।' एनपिआरसीका अनुसन्धान निर्देशक डा दीपक महतले अनुसन्धान क्षेत्रलाई व्यापक बनाई राष्ट्रलाई योगदान दिनुपर्छ भन्ने उद्देश्यले एनपिआरसीको स्थापना गरिएको स्मरण गर्दै अनुसन्धानलाई व्यक्तिगत लाभका रुपमा नभएर राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा लगाउनुपर्ने बताए । अनुसन्धानलाई प्राथमिकता दिएका कारण नै विश्वका धेरै मुलुक विकासको गतिमा अगाडि बढेका बताउँदै एनपिआरसीका संस्थापक डा कृष्णप्रसाद धिताल, अथर्व बिजनेस कलेजका प्राचार्य डा हिरालाल श्रेष्ठ, डा महेश्वरप्रसाद यादव, डा माला खरेल, डा लता घिमिरेलगायतले अनुसन्धान क्षेत्रलाई राज्यले नै प्राथमिकतामा राख्नुपर्ने सुझाव दिए ।

सम्मेलनमा विभिन्न विश्वविद्यालयबाट विद्यावारिधि तथा महाविद्यावारिधि (पोष्ट डक्टोरेट) गरेका ५० भन्दा बढी अनुसन्धानदाताको सहभागिता थियो । त्यस अवसरमा महाविद्यावारिधि (पोष्ट डक्टोरेट) गरेका विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो ।रासस

# फोहरबाट रोजगारी र आम्दानी

इन्द्राकुमारी केसी



**कैलाली ।**

कैलालीको गोदावरी नगरपालिका–४ खैरानाका जङ्गबहादुर चौधरीले फोहर व्यवस्थापन क्षेत्रमा काम गर्न थालेको नौ वर्ष भएको छ । आठ वर्षसम्म नगरपालिकामार्फत फोहर व्यवस्थापन गर्दै आएका उनी अघिल्लो साउनदेखि गोदावरी नगरपालिकामा रहेको एकीकृत फोहर व्यवस्थापन केन्द्रमा कार्यरत छन् । चौधरी अहिले फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै मासिक करिब रु १७ हजार आम्दानी गरिरहेका छन् । उनका अनुसार यस कामले रोजगारीको अवसर दिएको भएपनि फोहरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेका छन् । गोदावरी नगरपालिका–१० की प्रियङ्का जोराइला पनि विगत चार महिनादेखि सोही केन्द्रमा फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै आएकी छिन् । पहिले कपडा पसलमा काम गर्ने उनी अहिले मासिक करिब रु १६ हजार आम्दानी गरिरहेकी छिन् । उनीहरू जस्तै उक्त फोहर व्यवस्थापन केन्द्रमा करिब एक सय जनाले रोजगारी पाएका छन् । गोदावरीमामात्रै होइन, कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा समेत फोहर व्यवस्थापनका माध्यमबाट स्थानीयले रोजगारी पाउँदै आएका छन् । यसरी सुदूरपश्चिमका स्थानीय तहहरूमा फोहर व्यवस्थापन अब केवल सरसफाइको काममात्र नभई रोजगारी र जीविकोपार्जनसँग पनि जोडिन थालेको छ । स्थानीयस्तरमै सृजना भएको यो रोजगारीले फोहरलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्न सकिने सम्भावनालाई थप स्पष्ट पारेको छ ।

यही अभ्यासलाई अझ संस्थागत र प्रभावकारी बनाउन सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहले वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागितासहित फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्ने प्रयास अघि बढाएका छन् । कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यसैको उदाहरण हो । चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब रु एक अर्ब लागतमा निर्माण गरिएको यस केन्द्रमा फोहर छुट्याउने, प्रशोधन गर्ने र पुनः प्रयोग गर्ने प्रणाली सञ्चालनमा छ । यसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ । नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने नगरपालिकाले यसबाट राजस्वसमेत प्राप्त गर्न थालेको छ । यस केन्द्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता पनि उल्लेखनीय छ । स्वच्छ वातावरण प्रालिले फोहर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ । कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार सङ्कलित फोहरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोगयोग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ । कुहिने फोहरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुनः प्रयोगका लागि पठाइन्छ । यसरी फोहरलाई सही ढङ्गले व्यवस्थापन गर्न सकिएमा यो समस्या होइन, अवसर बन्न सक्ने उनी बताउँछन् ।

कम्पनीले वार्षिक रूपमा नगरपालिकालाई राजस्व बुझाउने गरेको छ । कम्पनीको मासिक आम्दानी करिब रु २६ लाखसम्म पुग्छ । आम्दानी र खर्च बराबरजस्तै भएपनि कम्पनीले एक सय व्यक्तिलाई रोजगारी प्रदान गर्दै आएको रावल बताउँछन् । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रमार्फत यस्तै अभ्यास अघि बढाइएको छ । केन्द्र निर्माण हुनुअघि जङ्गल क्षेत्रमा फोहर व्यवस्थापन गरिँदै आएकामा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले बताए । दैनिक करिब छ टन फोहर सङ्कलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिनेगरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टनमात्र फोहर सङ्कलन भइरहेको उनले जानकारी दिए । यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्न सक्ने नगरप्रमुख महराको भनाइ छ । उनका अनुसार केन्द्र सञ्चालनपछि ट्याक्टर चलाउनेदेखि फोहर छुट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सृजना गरेको छ । धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन् । एसियाली विकास बैंक (एडिबी)को सहयोगमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत यी परियोजना अघि बढाइएका हुन् ।

यता कैलालीको धनगढी उपमहानगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको भए पनि सञ्चालनमा आउन बाँकी छ । तर उपमहानगरपालिकाले फोहर व्यवस्थापनका लागि विगतका वर्षहरूबाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ । उपमहानगरपालिकाले नकुहिने फोहरबाट आयआर्जन तथा कुहिने फोहरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा रु ३१ लाख ५५ हजार लगानीमा सुक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो । उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउँछन् । धनगढीको नन्दादेवी सेवा केन्द्रलाई आव २०८१÷८२ मा रु ७२ लाखमा पाँच वर्षका लागि ठेक्का दिइएको छ । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्नेगरी ठेक्का सम्झौता गरेको अवस्थीले बताए । यी अभ्यासहरूले फोहर व्यवस्थापनलाई केवल सरसफाइको विषयमा सीमित नराखी वातावरण संरक्षण र आर्थिक अवसरसँग जोड्न सकिन्छ । तर संवेदनशील वन क्षेत्रमा अझै पनि फोहर थुपारिने अभ्यास जारी रहनु चुनौतीपूर्ण देखिएको छ । फोहर व्यवस्थापनको समस्या केवल स्रोतको अभाव होइन, नीति कार्यान्वयन र दीर्घकालीन व्यवस्थापन दृष्टिकोणसँग पनि जोडिएको छ ।रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता कार्यक्रम सरकारको प्राथमिकतामा



**काठमाडौँ ।**
सरकारले आगामी आर्थिक वर्षको बजेटमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेको छ । त्यसका लागि रु दुई अर्ब ६२ करोड ७४ लाख बराबरको बजेट विनियोजन गरिएको छ । त्यसमा नेपाल सरकारतर्फ रु एक अर्ब १९ करोड ७४ लाख रहेको छ भने वैदेशिक सहायतातर्फ रु एक अर्ब ४३ करोड रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रमार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनको माध्यमबाट विद्युत् पहुँच विस्तार गर्ने कार्यक्रम भने निरन्तर कार्यान्वयनमा छ । यस्तै, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधि प्रवद्र्धन, उत्पादकत्व वृद्धि, फोहोरबाट ऊर्जा उत्पादन, लघु, साना तथा मझौला व्यवसाय प्रवद्र्धन, ऊर्जा दक्षता कार्यक्रम पनि क्रमशः सञ्चालनमा छ ।

त्यस्तै, च्यालेन्ज फण्डमार्फत नवीकरणीय ऊर्जा कार्यक्रम कार्यान्वयन, ग्रीन हाइड्रोजन, स्थानीय तह र प्रदेश सरकारको क्षमता अभिवृद्धि, प्राविधिक सहयोग, प्रविधिको अनुगमन मूल्याङ्कन, वातावरण तथा सामाजिक सुरक्षण, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता क्रियाकलापमा बजेट विनियोजन गरिएको छ । वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका अनुसार, आगामी आवका लागि सङ्घीय सरकारको वार्षिक नीति तथा कार्यक्रमको बुँदा नम्बर ३१ मा राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत् प्रणाली विस्तार गरिने उल्लेख छ ।

ग्रीन हाइड्रोजन, हरित एमोनिया तथा रासायनिक मल जस्ता रणनीतिक हरित उद्योगलाई प्रवद्र्धनका लागि कर भन्सार छुट, सहुलियतपूर्ण विद्युत् दर, पुँजी प्रोत्साहन र लागतमैत्री नीति लागू गरिनेछ । त्यस्तै, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्ने ग्रीन हाइड्रोजन पूर्वाधारको सुरुवात गर्ने विषयलाई पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ । सरकारको मार्गदर्शन अनुसार नै केन्द्रको वार्षिक कार्यक्रम तथा बजेट तय गरिएको छ । विद्युत् पहुँचतर्फ राष्ट्रिय ग्रिड नपुगेका स्थानमा लघु तथा साना जलविद्युत्, सौर्य मिनीग्रिड प्रणाली विस्तार गर्ने लक्ष्य रहेको छ ।

लघु तथा साना जलविद्युत् एवं सौर्य मिनीग्रिडमार्फत दुई दशमलव पाँच मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जानकारी दिए । यसैगरी, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको प्रवद्र्धन तथा विस्तारलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ । खाना पकाउने स्वच्छ ऊर्जा प्रविधितर्फ किीब २ लाख ५० हजार घरधुरीमा विद्युतीय चुलो, बायोग्यास र सुधारिएको चुलो लगायतका स्वच्छ ऊर्जा प्रविधि विस्तार गर्ने कार्यक्रम अगाडि सारिएको छ । त्यस्तै १० वटा संस्थागत तथा व्यावसायिक बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका फोहरबाट ऊर्जा उत्पादन परियोजना निर्माण गर्ने योजना छ ।

त्यसैगरी बजेटमार्फत सरकारले उत्पादकत्व वृद्धि, कृषि, डिकार्बनाइजेसन तथा व्यावसाय प्रवद्र्धनका क्षेत्रको विकासमा समेत जोड दिइएको छ । सो कार्यक्रमअन्तर्गत २७ मेगावाट सौर्य रुफटप प्रणाली, १२० वटा सौर्य खानेपानी तथा सिंचाइ आयोजना, एक हजार वटा व्यापारिक तथा संस्थागत क्षेत्रहरुमा तापीय उर्जाका लागि प्रयोग भइरहेको खाना पकाउने ‘एलपिजी’लाई जैविक पेलेट चुलो मार्फत प्रतिस्थापन, १० वटा सौर्य तापीय प्रणाली एवं ५०० किलोवाट पिक क्षमताको एग्रोभोल्टाइकमा आधारित सौर्य ऊर्जा नमूना आयोजना कार्यान्वयन गरिनेछ ।

त्यसैगरी ऊर्जा दक्षता अवलम्बनका लागि ऊर्जा परीक्षण तथा ऊर्जा परीक्षण सिफारिस कार्यान्वयन, ऊर्जा दक्ष नमूना विद्यालय तथा ऊर्जा दक्षतासम्बन्धी गुणस्तर तथा मापदण्ड निर्माण, जलवायु परिवर्तन न्यूनीकरण तथा कार्बन व्यापारलाई प्राथमकितामा राखिएको छ । स्थानीय तह तथा प्रदेश सरकारको क्षमता अभिवृद्धि, ग्रीन हाइड्रोजनलगायत नवीनतम प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान र नमूना आयोजना सञ्चालन गरिनेछ । दिगो ऊर्जा च्यालेञ्ज फण्डमार्फत नवीकरणीय ऊर्जा प्रवद्र्धनको भायबिलिटी ग्याप फण्डिङ्ग, विपदबाट क्षति भएका आयोजनाको पूनर्निर्माण तथा मर्मतसम्भार र अफग्रिड आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने क्रियाकलापको लागि बजेट विनियोजन गरिएको केन्द्रले जनाएको छ । रासस

# प्रहरी सङ्गठन जनताको पहिलो सरकार होः मुख्यमन्त्री



**विराटनगर ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रहरी सङ्गठन नेपाली जनताका पहिलो सरकार भएको बताएका छन् । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र कोशी प्रदेश प्रहरी कार्यालयद्वारा आइतबार आयोजित कोशी प्रदेशस्तरीय ‘अपराध अनुसन्धान समीक्षा’ गोष्ठीको उद्घाटन गर्दै उनले प्रहरी सङ्गठनमाथि उठेको प्रश्न र जिज्ञासाप्रति सङ्गठन जिम्मेवार बन्नुपर्ने विचार राखे ।

मुख्यमन्त्री कार्कीले प्रहरी सङ्गठनलाई बलियो बनाउने समयमा नियन्त्रणमा राख्ने सोच र प्रवृत्तिले अपराध अनुसन्धानमा गम्भीर असर पर्ने भन्दै सङ्गठनलाई समयानुकूल बनाउन साधन, स्रोत र व्यवस्थापकीय कमी कमजोरीलाई राज्यले पूरा गर्नुपर्ने धारणा राखे ।

उनले प्रहरीको नीति र ऐनलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै ‘डिएनए’ परीक्षण गर्ने प्रयोगशाला निर्माण र ‘डिजिटल’ प्रणालीमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री कार्कीले समाजमा शान्तिसुरक्षा स्थापना गर्न र सुशासनअन्तर्गत अपराध अनुसन्धानमा प्रहरी सङ्गठनले इमान्दारीपूर्वक आफ्ना जिम्मेवारी निर्वाह गरिरहेको धारणा राख्दै प्रहरीले अनुसन्धानमा त्रुटि हुन नदिन र कानुनको परिधिभित्र रही काम गर्न सुझाव दिए ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख विनोद घिमिरेले अपराध अनुसन्धामा देखिने त्रुटि र कमीकमजोरीलाई निवारण गर्न गोष्ठी फलदायी बन्ने विश्वास व्यक्त गरे ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले प्रहरीको सफल अनुसन्धानबाट नै पीडित नागरिकले न्याय पाउने भएकाले यसतर्फ गम्भीर बन्नुपर्ने धारणा राखे । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरले विज्ञान, सूचना प्रविधि एवं सञ्चारले मानव जीवनलाई सहज बनाएपनि अपराध अनुसन्धानतर्फ जटिलता र चुनौती थपिएको जानकारी दिए ।

उनले प्रमाणका आधारमा अनुसन्धानसहित क्षमता विकास जरुरी रहेको चर्चा गर्दै गोष्ठीबाट आउने निष्कर्षले अपराध अनुसन्धानमा मद्दत पुग्ने विश्वास व्यक्त गरे । अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक मुकुन्द मरासिनीले सुशासनको अनुभूति भएमा मात्र जनताले राज्यप्रति विश्वास गर्ने बताए ।

जिल्ला अदालत मोरङका न्यायाधीश दुर्गाबहादुर भुसालले न्याय जहिले पनि अनुसन्धानको घेराभित्र रहने भएकाले प्रहरीले गर्ने अनुसन्धानमा गम्भीर हुनुपर्ने धारणा राखे । उनले अपराधीले पनि विज्ञान र प्रविधिको प्रयोग गर्नाले अनुसन्धामा थप चुनौती छ भन्दै अनुसन्धानलाई गुणस्तरीय बनाउन प्रहरी सङ्गठनले अन्तर निकायसँग सहकार्य एवं सम्बन्धलाई सुमधुर बनाउनुपर्नेमा जोड दिए । एकदिने सो गोष्ठीमा कोशी प्रदेशका सबै जिल्लाका प्रहरी उपरीक्षक तथा अनुसन्धान अधिकृतहरुको सहभागिता रहेको छ । रासस

## प्रतिनिधिसभाः

# असार १ र २ गते मन्त्रालयगत विनियोजन शीर्षकमाथि छलफल हुने



**काठमाडौँ ।**
प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८३ अन्तर्गत मन्त्रालयगत विनियोजन शीर्षकमाथि आज असार १ र भोली २ गते छलफल हुने भएको छ । मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नको आगामी असार ३ र ४ गते सम्बन्धित मन्त्रीले जवाफ दिने कार्यक्रम तय भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ ।

असार १ गते युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल हुनेछ ।

असार २ गते विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कानुन न्याय तथा संसदीय मामिला, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ र रक्षा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपति र राष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकमाथि छलफल हुने सचिवालयले जनाएको छ ।

असार ३ गते युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रीले मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनेछन् ।

यस्तै असार ४ गते विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कानुन, न्याय तथा संसदीय मामिला, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ र रक्षा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपति र राष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिने कार्यक्रम तय भएको छ । सरकारले यही जेठ १५ गते आर्थिक वर्ष २०८३÷८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गरेको थियो । प्रतिनिधिसभामा यसअघि बजेटमाथिको सामान्य छलफल सम्पन्न भई अर्थमन्त्री डा स्वर्णिम वाग्लेले जवाफ दिइसकेका छन् । रासस

# राष्ट्रिय प्रजातन्त्र पार्टी परित्याग गरेका डा. धवल शमशेर राणाले नयाँ पार्टी खोल्दै

**काठमाडौं ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी परित्याग गरेका डा. धवल शमशेर राणाले बालेन शाह नेतृत्वमा रहेको सरकारको आयु लामो समयसम्म नहुने दाबी गरेका छन् ।

शाह नेतृत्वको वर्तमान सरकारले धेरै गल्ती गरेकाले त्यसको आयुलाई लिएर देशभर प्रश्न उठरिहेको उनको भनाइ छ । आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै नेता राणाले सरकारले समय दिन नपुग्दै गल्ती गरेकाले सरकारको नयाँ विकल्पको रुपमा आफूहरूले नयाँ पार्टी खोल्न लागेको बताए ।

नयाँ पार्टीले राजासहितको प्रजातन्त्र बोक्ने र मुलुकलाई हिन्दु राष्ट्र कायम गराउने गरी वर्तमान सरकारको विकल्प दिने उनको भनाइ छ । नेता राणाले मलमास परेकाले नयाँ पार्टीको नाम, झण्डासहितको कार्यक्रम केही पछि मात्रै सार्वजनिक गर्ने निर्णय गरिएको बताए ।

उनले भने, ‘यो बालेन सरकार पनि के होला, कसो होला रु भन्ने यो सय दिन नपुग्दै तमाम प्रश्न चिह्नहरू उठिसके ।

तमाम गल्तीहरू गरिसके । यो बालेन सरकार देशमा असफल भयो भने नेपाली जनताले एउटा विकल्प खोज्नेछन् । त्यो विकल्प भनेको एमाले, कांग्रेस, माओवादी र राप्रपा पनि होइन ।

त्यो विकल्प भनेको राजासहितको प्रजातन्त्र बोक्ने पार्टी, हिन्दुराष्ट्र ल्याउने पार्टी त्यो विकल्प हुनेछ । त्यो विकल्प हाम्रो पार्टीले दिनेछ । हाम्रो नयाँ बन्ने पार्टीले दिनेछ । ’ नेता राणाले नयाँ पार्टीले आगामी स्थानीय तहमा भाग लिने घोषणा पनि गरे । रासस

# राजनीतिलाई सेवाको प्रतीकका रुपमा रुपान्तरण गर्नुपर्छः सभापति थापा



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राजनीतिलाई सेवाको प्रतीकका रुपमा रुपान्तरण गर्नु अहिलेको आवश्यकता रहेको बताएका छन् । काठमाडौँ महानगरपालिका वडा नं ८ ले सामाजिक सेवामा योगदान दिने व्यक्तित्वहरुलाई सम्मान गर्न आयोजना गरेको कार्यक्रममा सभापति थापाले सम्मानित व्यक्तित्वहरुले पेसा र क्षेत्रको विकासका लागि मात्र नभई लोकतन्त्रको जगलाई बलियो बनाउन पनि योगदान पुग्ने बताए ।

उनले भने, राजनीतिलाई वास्तविक र सेवाको प्रतीकका रुपमा रुपान्तरण गर्नुपर्ने अहिलेको आवश्यकता हो । हामी सबै मिलेर यो बाटो बनाउन केही योगदान गरौँ ।

त्यस अवसरमा पूर्वउपराष्ट्रपति परमानन्द झाले सम्मान ग्रहण गर्दै वडा कार्यालय नागरिकको सुखदुःखको भएको धारणा राख्नुभयो । वडाले सक्रिय जीवनपछि घरमा भएकालाई सार्वजनिक स्थलमा ल्याएर सम्मान गरेको छ, झाले भने ।

समाजको वास्तविक स्वरुप, त्यस क्षेत्रमा बसोबास गर्ने सर्जक, कलाकार, खेलाडी, राष्ट्रसेवक, स्वास्थ्यकर्मी जस्ता पेसाकर्मी, ज्येष्ठ नागरिक, उद्यमी व्यवसायी तथा विभिन्न क्षेत्रका व्यक्तिहरुको व्यक्तित्वले बिम्बित गर्छ । वडाले आयोजना गरेको सम्मान कार्यक्रममा सहभागी विभिन्न क्षेत्रका ७० व्यक्तिको व्यक्तित्व सहभागी थिए । सबै पेसा र क्षेत्रमा योगदान दिने व्यक्तित्वहरु आफ्नो वडामा हुनुलाई आफूले वैभवका रुपमा लिएको बताउँदै वडाध्यक्ष एवं महानगरपालिकाको सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गतले भने, प्रतिशोध लिएरभन्दा स्वच्छ प्रतिस्पर्धा गरेर उन्नत समाज निर्माण गर्नुपर्नेछ ।

त्यस अवसरमा वडाका ज्येष्ठ नागरिकहरू रत्नमान श्रेष्ठ, शारदामान राजभण्डारी, हिराबाबा श्रेष्ठ, ठूली सिलवाल, आशामरू सङ्गत, रामप्रसाद चौलागाईं र गणेश महर्जन सम्मानित हुनुभयो । राष्ट्रसेवक कर्मचारीहरू ज्ञानेन्द्रराज बैद्य, सुमन वैद्य, सानु डङ्गोल, नेत्र तिमल्सिना, जनकराज ढुङ्गाना, टङ्कमणि शर्मा र नवदत्त उपाध्यायलाई सम्मान प्रदान गरियो । खेलकुद विधामा कविराज नेगी, अदिप्शा बैद्य, उदयमान श्रेष्ठ, मनिष सेढाईँ, प्रशान्तमान श्रेष्ठ र सुरेन्द्र डङ्गोल रञ्जनमान श्रेष्ठलाई सम्मान गरिएको थियो ।

त्यस्तै, धर्म संस्कृति विधामा संस्कृतिविद् मुकुन्द वैद्य, पुजारी मृत्युञ्जय कर्माचार्य, डा केदारमान भण्डारी, बाजागुरूहरू समिर सङ्गत, रामकृष्ण डङ्गोल, भाइराजा डङ्गोल, राजेश सङ्गत, समाजसेवीहरू रामकुमार श्रेष्ठ र अनन्तप्रसाद

भेटवाललगायतलाई सम्मान प्रदान गरियो । कला साहित्य विधातर्फ राजेश मानन्धर, अजित गौतम, सरिता मिश्र, महेश्वर राजभण्डारी, अच्युतराम भण्डारी, नरेन्द्रराज शर्मा, उद्धवप्रसाद भट्टराई र सजल राजभण्डारी सम्मानित भएका थिए । रासस

# सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने तयारीमा बेलायत सरकार




**लन्डन ।**
संयुक्त अधिराज्य (बेलायत) सरकारले १६ वर्षमुनिका बालबालिका तथा किशोर–किशोरीहरूका लागि सामाजिक सञ्जालको प्रयोगमा पूर्ण तथा आंशिक प्रतिबन्ध लगाउने गरी कडा नीति ल्याउने अन्तिम तयारी गरेको छ । बालबालिकाको मानसिक स्वास्थ्यमा परिरहेको गम्भीर असर, अनलाइन उत्पीडन र कुलतलाई रोक्न प्रधानमन्त्री किअर स्टार्मरले भोलि सोमबार यस ऐतिहासिक योजनाको घोषणा गर्ने अपेक्षा गरिएको छ ।

हालै मात्र सम्पन्न भएको राष्ट्रिय परामर्शमा १ लाख १६ हजारभन्दा बढी नागरिकले प्रतिक्रिया दिएका थिए, जसमा १० जनामध्ये ९ जना अभिभावकले १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने सरकारी कदमको पूर्ण समर्थन गरेका छन् । डाक्टर तथा स्वास्थ्य विज्ञहरूले पनि सामाजिक सञ्जाल र स्क्रिन टाइमले बालबालिकालाई धुम्रपान जत्तिकै गम्भीर हानि पु¥याइरहेको भन्दै चिन्ता व्यक्त गरेपछि सरकारले यस विषयमा “शून्य सहनशीलता” को नीति अख्तियार गरेको हो ।

सरकारले ल्याउन लागेको यो नयाँ व्यवस्था केवल एउटा साधारण प्रतिबन्ध मात्र नभएर बहु–चरणको रणनीतिमा आधारित हुनेछ, जसअन्तर्गत सामाजिक सञ्जालहरूलाई दुई वर्गमा विभाजन गरिनेछ ।

पहिलो चरणमा अत्यधिक जोखिमयुक्त मानिएका सामाजिक सञ्जाल एपहरूमा १६ वर्षमुनिका बालबालिकालाई पूर्ण रूपमा निषेध गरिनेछ, जसको सूची मन्त्रालयले पछि सार्वजनिक गर्नेछ । दोस्रो चरणमा, अपेक्षाकृत सुरक्षित मानिएका प्लेटफर्महरूमा पनि बालबालिकाहरूका लागि कडा नियमहरू लागू हुनेछन् । जसअनुसार १६ वर्षभन्दा कम उमेरका प्रयोगकर्ताहरूका लागि म्यासेज स्वतः हराउने फिचर, अपरिचित वयस्कहरूसँग च्याट गर्ने सुविधा र लाइभस्ट्रिमिङ जस्ता सुविधाहरूमा पूर्ण रोक लगाइनेछ । यसका साथै, १८ वर्षमुनिका किशोर–किशोरीहरूलाई रोमान्टिक वा यौनजन्य आर्टिफिसियल इन्टेलिजेन्स प्रयोग गर्न समेत कानुनी रूपमा प्रतिबन्ध लगाइनेछ । यो नीति कार्यान्वयनमा आउनु अघि नै प्रविधि क्षेत्र र नागरिक अधिकारवादीहरूका बीचमा यसको व्यावहारिक पाटोलाई लिएर ठुलो बहस सुरु भएको छ । आलोचकहरूका अनुसार बालबालिकालाई सामाजिक सञ्जालबाट रोक्नका लागि प्रविधि कम्पनीहरूले प्रत्येक प्रयोगकर्ताको उमेर प्रमाणीकरण गर्नु पर्ने हुन्छ, जसका लागि नागरिकहरूले आफ्नो सरकारी परिचयपत्र वा बायोमेट्रिक विवरण बुझाउनु पर्ने हुनसक्छ ।

यसले सर्वसाधारणको अनलाइन गोपनीयता खतरामा पर्ने भन्दै डिजिटल अधिकारवादी संस्थाहरूले चेतावनी दिएका छन् । अर्कोतर्फ, कतिपय बाल कल्याणकारी संस्थाहरूले अचानक लगाइने यस्तो प्रतिबन्धले बालबालिकाहरूलाई भीपीएनको प्रयोग गरेर डार्क वेब वा अनियन्त्रित अनलाइन समूहहरूतिर धकेल्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

यद्यपि, बेलायत सरकारले ‘चिल्ड्रेन्स वेलबिइङ एन्ड स्कुल्स एक्ट २०२६’ अन्तर्गत यसअघि नै आवश्यक कानुनी अधिकार प्राप्त गरिसकेकाले आगामी केही महिनाभित्रै यो कानुन पूर्ण रूपमा लागू भई बेलायतमा इन्टरनेटको प्रयोगको स्वरूप सधैँका लागि बदलिने निश्चित देखिएको छ । रासस

# अल्लोबाट आत्मनिर्भर बन्दै रुमका महिला



**म्याग्दी ।**
जिल्लाको मालिका गाउँपालिका–२ रुमका महिलाले जङ्गलमा खेर जाने अल्लोलाई आम्दानीको स्रोत बनाएका छन् । अल्लोको पुवा प्रशोधन गरी विभिन्न किसिमका सामग्री तयार पारेर यहाँका महिला स्वरोजगार र आत्मनिर्भर बनेका हुन् । रुम अल्लो कपडा तथा ढाका उत्पादन समूहका अध्यक्ष मनकुमारी पुनले १२ जना महिला उद्यमीले अल्लोबाट कपडा बनाउने काम गरिरहेका जानकारी दिइन् । एक जनाले वार्षिक रूपमा ४५ देखि एक सय ५० मिटरसम्म अल्लोबाट कपडा बनाउँछौँ, उनले भनिन्, प्रतिमिटर रु पाँच सयदेखि रु सात सय पचासका दरले अल्लो कपडा बिक्री हुन्छ ।

हिउँदयाममा लेकाली क्षेत्रको जङ्गलमा अल्लोको पुवा सङ्कलन, प्रशोधन गरी धागो बनाउने र घरायसी कामबाट बचेको फुर्सदको समयमा धागो बनाउने गरेको उद्यमी हिमदेवी घर्तीले बताउनुभयो । उहाँका अनुसार चाल्से सिस्नोको डाँठको बाहिरी भागबाट पुवा निकाल्ने गरिन्छ । पुवालाई तातोपानीमा पकाएर तयार पारिएको रेसादार धागोलाई तानको सहायताले कपडा बुन्ने गरिन्छ । वातावरणमैत्री, बलियो, टिकाउ, आकर्षक र मौलिक सीपमा आधारित भएकाले अल्लोको धागो र कपडाको खपतसँगै माग पनि बढेको छ, घर्तीले भनिन्, खेतीकिसानी र घरायसी कामबाट बचेको समयको सदुपयोगसँगै भएको आम्दानीले घरखर्च चलाउन र छोराछोरी पढाउन सजिलो भएको छ ।

उद्यमीहरूले कपडाका विभिन्न सामग्री बनाएर विविधिकरण गर्न थालेका छन् । ग्राहकको माग अनुसार कोट, झोला, सपिङ ब्याग, सल, पछ्यौरा, ‘पर्स’ बनाएर बिक्री गर्दा थप आम्दानी हुने उद्यमी गौमाया पुनले बताउनुभयो । ‘यसअघि परम्परागत शैली र डिजाइनमा कुर्ता सुरुवाल मात्रै सिलाउने गरेका थियौँ’, उनले भनिन्, ‘पछिल्लो समय ग्राहकको माग अनुसार नयाँनयाँ डिजाइनमा कपडा सिलाउन थालेपछि थप आम्दानी भएको छ ।’

अल्लोबाट बनेको एउटा कोटलाई रु पाँच हजार मूल्य पर्ने गौमायाले जानकारी दिइन् । उनका अनुसार रुम घुम्न आउने पर्यटक र पाहुनाले कोशेलीका रूपमा अल्लोका कपडा किनेर लैजाने गरेका छन् । बेनी, पोखरा, बागलुङ, कुश्माका मेला तथा महोत्सवमा प्रदर्शनीमा लगेर सामानको प्रवद्र्धन गरिएको छ । छुट्टी र चाडपर्व मनाउन जन्मथलो आएका प्रवासीहरू पनि अल्लोका कपडाका ग्राहक बनेको उहाँको अनुभव छ ।

मालिका गाउँपालिकाकी उद्यम विकास सहजकर्ता होमदेवी खत्रीले रुमका उद्यमीलाई अल्लोको कपडाबाट सामग्री बनाउन स्तरोन्नतिसम्बन्धी तालिमका साथै तान सहयोग गरिएको बताइन् । उनका अनुसार गरिबी निवारण कोष, गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रमलगायत सङ्घसंस्था तथा सरोकार भएका निकायले तालिम, प्रविधि र पूर्वाधार निर्माणमा सहयोग गरेका छन् । सामूहिक रूपमा कपडा बुन्ने उद्यमीका लागि साझा सुविधा केन्द्रको भवन पनि निर्माण गरिएको मालिका–२ का वडाध्यक्ष उदयकुमार बुढाथोकीले जानकारी दिए । उनका अनुसार स्थानीय स्रोतसाधनमा आधारित उद्यमले महिलाको आर्थिक सशक्तीकरणसँगै गाउँमा रोजगारी सिर्जना गर्न महत्वपूर्ण योगदान पु¥याएको छ ।

पहिले जङ्गलमा खेर जाने अल्लो आज रुमका महिलाको जीवन परिवर्तन गर्ने माध्यम बनेको छ । परिश्रम, सीप र सामूहिक प्रयासले उनीहरूले गाउँमै आयआर्जनको दिगो आधार तयार गरेका छन् । स्थानीय उत्पादनको प्रवद्र्धन र बजार विस्तार गर्न सके अल्लो उद्यम ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ । रासस

# इरानमा शान्ति सम्झौताको विरोध



**इरान ।**
संयुक्त राज्य अमेरिकासँग सम्भावित शान्ति सम्झौताको चर्चा तीव्र भइरहेका बेला इरानभित्र त्यसको विरोध पनि चर्किन थालेको छ । उत्तरपूर्वी सहर मशहदमा विदेश मन्त्रालयको कार्यालय बाहिर दर्जनौँ प्रदर्शनकारीले सम्भावित सम्झौताविरुद्ध नाराबाजी गर्दै शीर्ष कूटनीतिज्ञ अब्बास अराघचीको राजीनामा माग गरेका छन् ।

इरानी समाचार संस्था फार्सले सार्वजनिक गरेको भिडियोमा कालो पोशाक लगाएका महिलासहित प्रदर्शनकारीहरू रातो र कालो झण्डा बोकेर विदेश मन्त्रालयको कार्यालय अगाडि भेला भएको देखिन्छ । उनीहरूले ‘अराघची, राजीनामा देऊ’ र ‘घुसपेठीहरू मूर्दावाद’ जस्ता नारा लगाएका थिए । प्रदर्शनको पृष्ठभूमिमा विदेशमन्त्री अराघचीले हालै राज्य टेलिभिजनमा दिएको अन्तर्वार्ता रहेको बताइएको छ । उक्त अन्तर्वार्तामा उनले सम्भावित अमेरिका–इरान सम्झौताका केही पक्षबारे सङ्केत गरेको थियो, जसले देशभित्रको राजनीतिक बहसलाई थप तीव्र बनाएको छ ।

सम्झौताका विरोधीहरूका अनुसार प्रस्तावित व्यवस्था इरानको रणनीतिक हितविपरीत हुन सक्छ । यसले हर्मुज जलघाँटीमाथिको तेहरानको प्रभाव कमजोर पार्नेछ र वार्ताकारहरूले अत्यधिक रियायत दिएका छन् भन्ने उनीहरूको तर्क छ । यो असन्तुष्टि विशेषगरी राज्य टेलिभिजनमार्फत सम्भावित सम्झौतामा इरानी बन्दरगाहमाथिको अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने प्रावधान समावेश हुन सक्ने जानकारी सार्वजनिक भएपछि बढेको बताइएको छ । अमेरिका र इरानबीच हर्मुज जलघाँटीको नियन्त्रण लामो समयदेखि विवादको केन्द्रमा रहँदै आएको छ । अराघचीले अन्तर्वार्तामा ‘हर्मुज जलघाँटीको प्रशासन अब पहिले जस्तै रहने छैन’ भन्दै उक्त जलमार्ग इरानको ‘प्रतिरोधको प्रमुख साधन’ मध्ये एक भएको बताएको थियो ।

यसैबीच सामाजिक सञ्जालमा प्रसारित अप्रमाणित भिडियोहरूले तेहरानस्थित विदेश मन्त्रालयको मुख्यालय बाहिर पनि यस्तै प्रदर्शन भएको दाबी गरेका छन् । ती दृश्यहरूमा प्रदर्शनकारीहरूले विदेशमन्त्री अराघची र संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफको राजीनामा माग गर्दै नाराबाजी गरेको देखिएको छ । गालिबफ वार्ता प्रक्रियामा पनि संलग्न रहेको बताइएको छ ।

अर्कोतर्फ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तथा पाकिस्तानी अधिकारीहरूले सम्झौता छिट्टै अन्तिम रूप लिन सक्ने बताएका छन् । इस्लामाबादले आइतबार नै विद्युतीय हस्ताक्षरमार्फत सम्झौता सम्पन्न हुन सक्ने सङ्केत गरेको छ । तर तेहरानले भने समयसीमाबारे सावधानी अपनाएको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले सम्झौता तत्काल सम्पन्न हुने दाबीलाई कम महत्त्व दिँदै ‘यो भोलिपल्ट हुने छैन’ भनेको छ । यद्यपि उनले आगामी दिनहरूमा सम्झौता औपचारिक रूप लिन सक्ने सम्भावना भने अस्वीकार गरेको छैन । रासस

# बन्द हुँदै चिया उद्योग



**इलाम ।**
भारतले नेपाली चियामा कडाइ गरेपछि इलामको सूर्योदय क्षेत्रका चिया उद्योग बन्द हुने भएका छन् । ५३ उद्योग आबद्ध रहेको सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसन नेपालले आगामी असार १ गतेदेखि उद्योग बन्द गर्ने घोषणा गरेको छ ।

संस्थाका अनुसार भारतीय बजारमा पुगेको तीन लाख किलोभन्दा बढी नेपाली चिया गुणस्तर परीक्षणका नाममा अलपत्र छ भने उद्योगमा सात लाख किलोभन्दा बढी तयारी चिया थन्किएको छ । भण्डारण क्षमता भरिएपछि उद्योग सञ्चालन गर्न नसकिएको एसोसिएसन अध्यक्ष डिल्ली श्रेष्ठले बताए । किसानबाट खरिद गरिएको हरियो पत्ती प्रशोधन गरेर तयारी चिया बनाएका छौँ, तर बजारमा बिक्री हुन सकेको छैन । भण्डारण गर्ने ठाउँसमेत भरिइसकेको छ, अध्यक्ष श्रेष्ठले भने, किसानलाई भुक्तानी रोक्न मिल्दैन, त्यसैले उद्योग बन्द गर्नुबाहेक अर्को विकल्प रहेन ।

भारतले सन् २०२६ मे १ देखि नेपालबाट आयात हुने चियामा ‘स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर’ (एसओपी) लागू गरेको छ । यसअनुसार प्रत्येक गाडीको चिया छुट्टाछुट्टै परीक्षण गर्नुपर्ने, प्रतिवेदन आउन २० दिनभन्दा बढी लाग्ने र नतिजा नआएसम्म बिक्री गर्न नपाइने व्यवस्था गरिएको छ । परीक्षणमा असफल भए चिया नष्ट गर्नुपर्ने वा फिर्ता ल्याउनुपर्ने बाध्यता छ । उत्पादन भएको चिया बजारमा पु¥याउने बाटो नै बन्दजस्तै भएको छ, उद्योगी गोपाल कट्टेलले भने, भारतले विभिन्न प्राविधिक झन्झट सृजना गरेर नेपाली चिया रोकेपछि उद्योग सञ्चालन गर्न सक्ने अवस्था रहेन ।”

नेपाली चियाको निर्यात समस्या समाधान गर्न सङ्घीय सरकारले प्रभावकारी रूपमा पहल गर्नुपर्ने उनको भनाइ छ । ‘सरकारले समयमै कूटनीतिक पहल गरेर निर्यात सहजीकरण गर्न पहल गर्नुपर्छ, कट्टेलले बताए, अवरोध हटाउन पहल नभए अर्बौं रुपैयाँको नेपाली चियाको बजार गुम्ने खतरा छ ।’ उद्योग बन्द हुँदा हजारौँ किसान प्रभावित हुनेछन् । एसोसिएसनका अनुसार सूर्योदय नगरपालिकामा दुई हजार ९९५ चिया किसान छन् । यहाँ ३३ हजार ६५५ रोपनी क्षेत्रफलमा चिया खेती हुँदै आएको छ, जहाँबाट वार्षिक दुई करोड किलो हरियो पत्ती उत्पादन हुन्छ । उद्योग बन्द भयो भने आम्दानी नै रोकिन्छ, परिवार कसरी चलाउने ? हाम्रो त रोजिरोटी हराउँछ, किसान राजन भट्टराई भन्नुहुन्छ, उद्योग बन्द भएपछि हाम्रो हरियो पत्ती बिक्दैन । अब कसरी बाँच्ने भन्ने चिन्ता बढ्यो ।

पैसट्ठभन्दा बढी चिया उद्योग रहेको सूर्योदय नगरपालिकाले चिया बिक्रीका लागि भारतीय अवरोध खुला गर्न तत्काल उच्चस्तरीय कूटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयसँग माग गरेको छ । नगरले भारतको कोलकाता पुगेका नेपाली चियाका ‘कन्साइनमेन्ट’माथि भारतीय चिया बोर्डले आयातकर्ताको गोदाममै प्रवेश गरी प्रत्येक बोराको नमुना सङ्कलन र परीक्षण गर्न थालेको तथा आधा दर्जनभन्दा बढी ट्रकबाट नमुना सङ्कलन गरिएको एक साता व्यतीत भइसक्दा पनि प्रयोगशालाको प्रतिवेदन प्राप्त नभएर प्रतिवेदनबेगर बिक्री–वितरण पूर्ण रोक लगाइएको पाएको जनाएको छ । झन्झटिलो प्रक्रियाका कारण गुणस्तरीय नेपाली चिया भारतीय गोदाममै थन्किएर गुणस्तर ह्रास हुने र बिग्रिने जोखिम छ, सूर्योदय नगरपालिकाका कार्यवाहक प्रमुख दुर्गाकुमार बरालले भने, भारतीय अवरोध हटाउन नेपाल सरकारले उच्चस्तरीय कूटनीतिक पहल गर्नुपर्छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्डका नवीन कोइरालाका अनुसार नेपालबाट बर्सेनि ७० लाख किलोभन्दा बढी अर्थोडक्स तयारी चिया निर्यात हुन्छ । जसको ९० प्रतिशतभन्दा बढी भारतीय बजारमा जाने गरेको छ । वार्षिक सवा रु चार अर्ब बढीको तयारी चिया निर्यात हुने नेपालमा अर्थोडक्स चिया मुख्यतः इलाम, पाँचथर र धनकुटामा उत्पादन हुन्छ । रासस

# पृतनापति ट्रफीको उपाधि श्री नं १८ बाहिनी अड्डालाई



**सुनसरी ।**
पृतनापति ट्रफी, २०८३ को उपाधि श्री नं.१८ बाहिनी अड्डाले हात पारेको छ । सुनसरीको इटहरीस्थित पूर्वी पृतना हेडक्वार्टरमा आइतबार सम्पन्न प्रतियोगितामा श्री नं. १८ बाहिनी अड्डा पहिलो भएको छ भन श्री नं. २ बाहिनी अड्डा दोस्रो र श्री नं. २१ बाहिनी अड्डा तेस्रो भएका छन् ।

प्रतियोगितामा फुटबल, भलिबल, बास्केटबल, पौडी, बक्सिङ, जुडो, तेक्वान्दो र एथलेटिक्स गरी आठ खेल समावेश गरिएको थियो । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने टोलीलाई ट्रफीसहित क्रमश रू ५१ हजार, रू ४० हजार र रू ३५ हजार नगद पुरस्कार प्रदान गरिएको पूर्वी पृतना हेडक्वार्टरले जनाएको छ । केन्द्रीय तहको प्रधानसेनापति ट्रफीका लागि खेलाडी छनोट गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा १६४ महिला र ३०५ पुरुष गरी जम्मा ४६९ खेलाडीको सहभागिता रहेको थियो ।

समापन समारोहलाई सम्बोधन गर्दै पूर्वी पृतना हेडक्वार्टरका पृतनापति गौरवकुमार केसीले खेलकुदले सैनिकको शारीरिक तन्दुरुस्ती मानसिक दृढता अनुशासन नेतृत्व क्षमता र सामूहिक भावनाको विकास गर्ने बताए ।

सैनिक पेसाको व्यावसायिक जिम्मेवारीका साथै खेलकुदमा सैनिकहरूले देखाएको लगाव गौरवको विषय भएको उल्लेख गर्दै उनले राष्ट्रको खेलकुद विकासमा नेपाली सेनाको योगदान उल्लेखनीय रहेको धारणा राखे ।

पृतनापति केसीले आगामी भदौमा आयोजना हुने प्रधानसेनापति ट्रफी, २०८३ मा अझ उत्कृष्ट नतिजा हासिल गर्न सम्पूर्ण खेलाडी बाहिनी र सम्बद्ध युनिटहरूलाई आजैदेखि जग बलियो बनाई तयारीमा जुट्न निर्देशन समेत दिए ।

खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा स्थापित गर्न नेपाली सेनाले विसं २०६५ देखि प्रधान सेनापति ट्रफी सञ्चालन गर्दै आइरहेको छ । रासस

## राष्ट्र बैंकको अध्ययन:
# औद्योगिक क्षेत्रमा दक्ष जनशक्तिको अभाव

**काठमाडौँ ।**
मुलुकको औद्योगिक क्षेत्रका लागि दक्ष जनशक्तिको अभाव, कच्चा पदार्थ र उत्पादित वस्तुका लागि उपयुक्त बजार नहुनुलाई प्रमुख समस्याका रूपमा चित्रण गरिएको छ । नेपाल राष्ट्र बैंकले गरेको अध्ययनअनुसार पर्याप्त पुँजीको अभाव, उच्च उत्पादन लागत, प्रविधिकगत पछौटेपन, पूर्णक्षमताको अभाव, जनशक्ति पलायन, पर्यावरणमैत्री उद्योगको व्यवस्थापन र सञ्चानलाई पनि चुनौतीका रूमपा लिइएको हो ।




औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिनु, औद्योगिक उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्नु, कच्चा पदार्थको उचित प्रवन्ध गर्नु, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, निर्यातजन्य वस्तुको विविधकरण गर्नुलगायत चुनौती औद्योगिक क्षेत्रमा रहेका नेपाल राष्ट्र बैङ्कको अध्ययनले देखाएको छ ।
केन्द्रीय बैङ्कले हालै सार्वजनिक गरेको ‘चालु आर्थिक वर्षको अर्धवार्षिक प्रतिवेदन’अनुसार कर्णाली प्रदेशमा स्थापना भएका उद्योगमा पुँजी अभाव तथा बजारीकरणको समस्या रहेको छ । स्थापित उद्योग एवम् कलकारखानालाई पलायन हुनबाट रोक्नु, ठूलो सङ्ख्यामा युवा वैदेशिक रोजगारीमा जाने गरेकाले उद्योगमा आवश्यक प्रविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु चुनौती देखिएको छ ।
न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षण गरी उद्योगका लागि आवश्यक पुँजीको व्यवस्थापन गर्नु, उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउनु पनि कठिनाइका रूपमा लिइएको छ । अध्ययनअनुसार सुदूरपश्चिम प्रदेशमा भारतसँगको खुला सीमानाकाका कारण हुनसक्ने सम्भावित भन्सार छली, अवैध पैठारीलगायत गतिविधि नियन्त्रण गरी स्थानीय उत्पादन र औद्योगिक गतिविधि प्रवद्र्धन गर्नु चुनौतीका रूपमा रहेको छ ।
उद्योगधन्दा सञ्चालनका लागि आवश्यक पर्ने दक्ष र प्राविधिक जनशक्तिको अभाव, कमजोर पूर्वाधार, निर्यातयोग्य वस्तुमा विधिकरणको कमी, न्यून उत्पादकत्व र निर्यात क्षमता पनि कमजोर पनि चुनौतीका रूपमा छन् ।
स्वदेशी वस्तुको उत्पादन लागत बढी हुनु, कमजोर औद्योगिक पूर्वाधार तथा स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत तथा साधनको सदुपयोग हुन नसक्नु पनि चुनौतीका रूपमा रहेका छन् । अध्ययनअनुसार मुलुकको औद्योगिक क्षेत्रमा उल्लेख्य सम्भावना छ । जलविद्युत् उत्पादनमा भइरहेको विस्तार, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकता राखेको अध्ययन प्रतिवेदनमा जनाइएको छ ।
कृषि उपजको उत्पादन, जडिबुटीको उपलब्धता, खानीलगायत खानीजन्य पदार्थको सम्भाव्यतासमेत रहेको सन्दर्भमा उद्योग क्षेत्र विकासको प्रचुर सम्भावना छ । त्यसैगरी, बढ्दो सूचना प्रविधिको प्रयोग र उपयोगसँगै सफ्टेवयर विकास, सूचना प्रविधि सेवा तथा ‘आउटसोर्सिङ’ (बाह्य स्रोत परिचालन) उद्योगको विकास गर्ने सम्भावना उच्च छ ।
सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने व्यवस्था, निजी क्षेत्रसँग सरकारको सहकार्यलगायत नीतिगत व्यवस्था, सहज बैंकिङ पहुँच, न्यून ब्याजदर, बैङ्क तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम, बढ्दो सहरीकरण तथा डिजिटल प्रविधिको प्रयोगका कारण औद्योगिक उत्पादनको विस्तार हुने सम्भावनासमेत छ ।
मधेस प्रदेशमा धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, फलफूल तथा दुग्ध उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग, खाद्य प्रशोधन, चिनी उद्योग, दुग्ध उद्योग, तेल उद्योग, चामल उद्योग तथा पशु आहार उद्योग विस्तार गर्न सकिने सम्भावना प्रतिवेदनमा उल्लेख गरिएको छ । धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध मधेस प्रदेशमा होटल, हस्तकला, धार्मिक सामग्री, मिथिला कला तथा पर्यटनसँग सम्बन्धित विभिन्न उद्योगहरूको विकास गर्न सकिनेछ ।
मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसङ्ख्या भएको प्रदेश भएकाले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेस प्रदेशमा उद्योग स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने अध्ययनले देखाएको छ ।
बागमती प्रदेशमा कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना रहेकाले मासुजन्य उत्पादन, दुग्धजन्य उत्पादन, खाद्य प्रशोधन, जडिबुटी प्रशोधनलगायत साना तथा मझौला उद्योग स्थापना गर्न सकिनेछ । अधिक तरलता तथा न्यून ब्याजदर रहेको अवस्थामा बैङ्क तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने जनाइएको छ ।
त्यस्तै, डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको अध्ययन अनुसन्धान गर्न सकिनेछ । विदेशबाट फर्किएका नेपालीको सीपअनुसारको व्यवसाय सञ्चालनमा प्रोत्साहित गरी उत्पादन र रोजगारी अभिवृद्धि हुनसक्ने छ ।
गण्डकी प्रदेशमा आर्थिक अभिवृद्धिका परियोजना, ‘मेक इन नेपाल’ र ‘मेड इन नेपाल’लगायत अभियानमार्फत विभिन्न उद्योगका लागि कानुनी सुधार, आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवालगायत पूर्वाधार विकासको प्रभावकारी कार्यान्वयन भए यसले नयाँ आधार तयार पार्नेछ । स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नसके स्वदेशी उत्पादनमा थप वृद्धि हुने देखिन्छ ।
कृषि क्षेत्र तथा स्थानीय स्रोतसाधन र सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवद्र्धन तथा आयात प्रतिस्थापन गर्न सकिने अध्ययनले देखाएको छ । बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न गर्नुपर्नेमा अध्ययनले जोड दिएको छ । रासस

# महाकाली पुलको गाइडबण्ड पुनर्निर्माणमा खटियो सेना



**महेन्द्रनगर ।**
कञ्चनपुरको भीमदत्त नगरपालिका–१२ स्थित महाकाली नदीमा निर्माण भएको चार लेनको पक्की पुलको उत्तरतर्फको ड्याम (गाइडबण्ड) पुनर्निर्माणमा शनिबारदेखि नेपाली सेना खटिएको छ ।
गत वर्ष वैशाखमा सरकारले महाकाली पुल योजनालाई तीन महिनाका लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गरी गाइडबण्ड निर्माण गरी भीमदत्त नगरपालिका क्षेत्रका तटीय बस्ती जोगाउन काम नेपाली सेनालाई दिएको थियो । शुक्रबारमात्रै पुल योजना र गत वर्ष बाढीले क्षति पुर्याएको गाइडबण्डको स्थलगत निरीक्षणका लागि पूर्वाधार विकासमन्त्री सुनिल लम्साल यहाँ आइपुगेको थियो । लगत्तै सरकारले क्षति भएको गाइडबण्ड पुनर्निर्माण गर्न र आसन्न वर्षात्का हुनसक्ने सम्भावित क्षति कम गर्न पुनः शनिबारदेखि नेपाली सेना खटाएको हो ।
गाइडबण्ड क्षति भएको स्थलमा सडक डिभिजन कार्यालय कञ्चनपुरको अगुवाइमा सैनिक जनशक्ति उक्त योजनामा परिचालन भएको छ । सो क्रममा नेपाली सेनाको श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेकका बाहिनीपति सहायकरथी बिजितराज रेग्मीसहित सैनिक प्राविधिक टोली क्षतिग्रस्त क्षेत्रको अवस्थाका बारेमा जानकारी लिनसमेत पुगिसकेको छ । बाहिनीले योजनास्थलमा तत्कालको क्षति न्यूनीकरण गरी थप क्षति हुन नदिन, चार लेनको पुल संरक्षण तथा तटीय क्षेत्रको बस्ती जोगाउन काम थालिसकेको छ । त्यसका लागि सुदूरपश्चिम पृतनाअन्तर्गत विभिन्न ठाउँबाट सेनाको टोली यहाँ आउने क्रम सुरु भइसकेको छ ।
क्षतिग्रस्त गाइडबण्ड क्षेत्रको अनुगमनका क्रममा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले डिभिजन सडक कार्यालयलाई तत्काल पुनर्निर्माणको काम थाल्न आवश्यक सहयोग स्थानीयस्तरबाट लिन आग्रह गरे । टिपरलगायतका सामग्रीका लागि स्थानीयस्तरबाट पनि सहयोग लिन सकिन्छ, उनले भने, जनशक्ति सहयोग सेनाबाट पूर्ण रूपमा रहन्छ । गत वर्ष पनि सेनालाई दिइएको जिम्मेवारी पूरा गरेका कारण महाकाली नदीले गाइडबण्डमा क्षति धेरै गर्न पाएन । यस वर्ष पनि दिइएको जिम्मेवारीअनुरुप गाइडबण्डको संरक्षण र थप क्षति हुन नदिने गरी सेना खटिएको छ ।
सडक डिभिजन कार्यालय कञ्चनपुरका प्रमुख राजेशकुमार यादवले गत वर्षको बाढीले गाइडबण्डको करिब ३०० मिटरमा क्षति पुर्याएको बताए । क्षति पुर्याएको ठाउँमै केन्द्रित भएर सैनिक टोली पुनर्निर्माणमा खटिएको छ, उनले भने, त्यसका लागि मेसिनरी र प्राविधिक सहयोग हाम्रो रहन्छ, जनशक्ति सेनाबाट उपलब्ध भएको छ ।
पक्की पुलको ९५ प्रतिशत निर्माण सकिए पनि गाइडबण्डको नयाँ डिजाइन स्वीकृति र भेरियसन अर्डर (भिओ)को विषय किनारा नलागेपछि निर्माण कम्पनी कामबाट गत वर्षदेखि बाहिरिएको छ । पुल निर्माण व्यवसायी र सडक विभागबीचको मुद्दा अहिले मध्यस्त न्याधीकरणमा (आर्बिटे«सन) मा छलफलमा रहेको छ । रासस

# नेपाललाई आँखा उपचारको केन्द्र बनाउन सकिन्छ




**काठमाडौँ ।**
विज्ञहरुले नेपालमा आँखा उपचारको सेवाका पहुँचमा वृद्धि भए पनि अन्धोपनको जोखिम अझै कायम रहेको बताएका छन् । नेपाल नेत्रज्योति सङ्घको आइतबार यहाँ आयोजित ३०औँ केन्द्रीय सभाको अधिवेशनमा अन्धोपनको दरमा केही कमी आए पनि संख्यात्मक रुपमा जोखिम रहेको उनीहरुको भनाइ थियो ।
औसत आयु, रक्तचाप तथा मधुमेहका बिरामी बढेका कारण नेपालमा आँखाका बिरामी बढेको उल्लेख गर्दै उहाँहरुले ग्रामीण क्षेत्रमा आँखा उपचार सेवाको पहुँच अभिवृद्धि गर्न जोड दिए । नेपालको आँखा उपचार सेवा विश्वमै अब्बल रहेको जनाउँदै सभाका सहभागीले नेपाललाई आँखा उपचारको ‘हव’ बनाउन सकिने सम्भावना रहेको औँल्याए । सङ्घअन्तर्गत हाल अस्पताल, उपचार केन्द्र तथा विभिन्न बाह्य कार्यक्रममार्फत सन् २०२५ मा ३३ लाख ७८ हजार ४२ जनाले परीक्षण गरेका थिए भने दुई लाख ६६ हजार ४०१ को शल्यक्रिया गरिएको थियो ।
सभाको शुभारम्भ गर्दै कोशी प्रदेशसभाका उपसभामुख सिर्जना दनुवारले तीन तहको सरकारले आँखा उपचार सेवाका लागि पत्याएको र विश्वास जितेका संस्थाका रुपमा नेपाल नेत्रज्योति सङ्घ रहेको चर्चा गर्दै आगामी दिनमा संस्थाले ग्रामीण विपन्न जनताको आँखा उपचार सेवाको पहुँचमा ल्याउन थप काम गर्न आग्रह गरे । उनले भने, ‘तीन तहका सरकारले आँखा उपचार सेवाका लागि लगानी बढाउनुपर्छ । यसका लागि सङ्घले पनि आफ्नो क्षमता विस्तार गर्नुपर्छ ।’
उनका अनुसार गत आवमा प्रदेश सरकारले सङ्घअन्तर्गत सञ्चालित अस्पताल तथा उपचार केन्द्र तथा विभिन्न बाह्य कार्यक्रमलाई रु २५ बराबरको सामग्री हस्तान्तरण गरेको थियो । रेसुङ्गा नगपालिकाका प्रमुख खिलध्वज पन्थीले आँखा उपचार सेवामा नगरपालिकाले पहिलो प्राथमिकता दिएको जानकारी दिँदै आर्थिक अभावका कारण मोतियाविन्दुलगायत अन्य उपचार सेवाको अभाव हुन नदिएको बताए । प्रा डा देवनारायण साहले नेपालमा आँखा उपचारको सेवाका पहुँचमा वृद्धि भए पनि अन्धोपनको जोखिम अझै कायम बताए । सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्तको सभापतित्वमा सम्पन्न कार्यक्रममा महासचिव भरतबहादुर चन्दले वार्षिक प्रतिवेदन पेस गरेका थिए ।

संस्थागत महासचिव प्रा डा पोखरेल सम्मानित

कार्यक्रममा सङ्घका संस्थापक महासचिव प्रा डा रामप्रसाद पोखरेललाई डा नन्द श्रेष्ठ अम्बिका श्रेष्ठ नेत्रज्योति सामाजिक सम्मान अपर्ण गरिएको थियो । नेपालमा आँखा उपचारको संस्थागत प्रादुर्भाव, उन्नयन र विकासमा अतुलनीय योगदान पु¥याएबापत उहाँलाई सो सम्मान अपर्ण गरिएको हो । त्यस अवसरमा नेत्रज्योति विशिष्ट सम्मान रेसुङ्गा र गोरखा नगरपालिका, प्रा डा देवनारायण साह, प्रा डा रघुनन्दन व्याँजु, लायन्स क्बल इन्टरनेसनल मल्टिपल काउन्सिल ३२५, सञ्जय खेतान, कृष्णहरि सापकोटा, जापानी नागरिकद्वय प्रा डा ताकेसी नाइतो र डा जुनसुके अकुरालाई प्रदान गरियो । त्यसैगरी, लाइफटाइम एचिभमेन्ट अवार्डबाट श्यामकुमार पोखरेल, चक्रबहादुर सिंह, श्यामसुन्दर उदास, पदमनारायण चौधरी, प्रा डा दिलबहादुर क्षेत्री, वामदेव खनाल, नेत्रमणि लामिछाने र मायादेवी बज्राचार्यलाई सम्मान गरियो । नेत्रज्योति उत्कृष्ट जिल्ला शाखाका रुपमा सङ्खुवासभा, नेत्रज्योति उत्कृष्ट आँखा अस्पताल सम्मानबाट विराटनगर आँखा अस्पताल, नेत्रज्योति उत्कृष्ट आँखा उपचार केन्द्र सम्मानबाट कालीगण्डकी आँखा उपचार केन्द्र र नेत्रज्योति डा निकोल ग्रासेट सम्मानबाट डा पुष्पा गिरीलाई सम्मानित गरियो । कार्यक्रममा नेत्रज्योति सम्मान विन्दुसागर राजभण्डारी, शैलेन्द्रमान सिंह, कुमार पृथु, शालिकराम गौतम, मीना राई र देवबहादुर बुढाक्षेत्रीलाई सम्मान गरियो । रासस

# विश्व आदिवासी युवा सम्मेलन सम्पन्न

**काठमाडौँ ।**
आदिवासी जनजाति युवा महासङ्घ नेपाल र राष्ट्रिय युवा परिषद्को आयोजनामा विश्व आदिवासी युवा सम्मेलन–२०२६ सम्पन्न भएको छ । यही जेठ ३० र ३१ गते सञ्चालन भएको सम्मेलनमा आदिवासी जनजाति तथा युवासँग सम्बन्धित विषयमा छलफल, अन्तरक्रिया र अनुभव आदानप्रदान गरिएको महासङ्घ नेपाल नेपालका अध्यक्ष किरण श्रेष्ठले बताए ।
उनका अनुसार सम्मेलनमा आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र, संयुक्त राष्ट्रसंघीय निकायका कार्यक्रम, विश्वव्यापी मञ्चमा आदिवासी युवाको सहभागिता तथा नेपालका आदिवासी जनजातिका सरोकारका विषयमा केन्द्रित रहेर छलफल भएको थियो । सम्मेलन जलवायु न्याय, खाद्य सुरक्षा, जैविक विविधता संरक्षण तथा वातावरणीय संरक्षणमा युवाको भूमिका सशक्त बनाउने र विश्व आदिवासी युवा घोषणापत्र तथा कार्ययोजना तयार गर्ने विषयमा केन्द्रित थियो ।
सम्मेलनमा देशका विभिन्न क्षेत्रबाट सहभागी आदिवासी जनजातीसँग सम्बन्धित सङ्घ–संस्थाका प्रतिनिधिहरूले आदिवासी जनजातिको अधिकार, क्षेत्रीय तथा विकासात्मक चुनौती, आत्मनिर्णयको अधिकार र आदिवासी आन्दोलनमा युवाको भूमिकाबारे विचार राखेका थिए । रासस

## लोकसेवा आयोगको
# ७६औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा प्रभातफेरी

**काठमाडौँ ।**
लोकसेवा आयोगको ७६औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा आइतबार प्रभातफेरी निकालिएको छ । कमलपोखरीस्थित लोकसेवा आयोगको केन्द्रीय कार्यालयबाट सुरु भएको प्रभातफेरी चारखाल, डिल्लीबजार, पुतलीसडक, हात्तीसार चोक हुँदै आयोगको कार्यालयमा पुगेर समापन भएको थियो । प्रभातफेरीको समापनमा आयोगका अध्यक्ष माधव रेग्मीले एक पटकका लागि शैक्षिक योग्यतामा सुविधा दिने, पुरानालाई अवसर दिने र आन्तरिक प्रतिस्पर्धा गर्ने भन्ने विषयलाई आयोगले स्वीकार नगर्ने बताए । त्यो भनेको प्रतिस्पर्धात्मक सिद्धान्तका विपरीतका विषयहरू हुन्, प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता लोक सेवा आयोगको मूल मर्म हो, उनले भने ।
‘लोक सेवा आयोगको प्रतिबद्धता, प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता’ लाई आयोगले मूल मन्त्र मानेको उनको भनाइ छ । आयोगले नेपालको संविधानअनुसार निजामतीका साथै सरकारी र सुरक्षा निकाय र सङ्गठित संस्थाहरूको पनि पदपूर्तिको जिम्मेवारी बहन गर्दै आइरहेको अध्यक्ष रेग्मीले बताए । सबैभन्दा सम्मानित र सबैको विश्वास आर्जन गरेको संस्था भएको हुनाले यसलाई निजामती मात्रै होइन, अब सङ्गठित संस्था र सुरक्षा निकायको पनि जिम्मेवारी दिनुपर्छ भनेर नेपालको संविधानले सङ्गठित संस्था र सुरक्षा निकायको समेत चाहिँ जिम्मेवारी आयोगलाई दिएको छ, उनले भने । प्रभातफेरीमा आयोगका सदस्य र कर्मचारीहरूको सहभागिता थियो । रासस

# युवालाई सीप, रोजगार र उद्यमसँग जोड्न सरकार क्रियाशील छः मन्त्री यादव



**काठमाडौँ ।**
युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले युवालाई सीप, रोजगार र उद्यमसँग जोड्न सरकार क्रियाशील रहेको बताएका छन् । नेपाली युवा उद्यमी मञ्चले आइतबार आयोजना गरेको 'युवा उद्यमशीलता सम्मेलन–२०८३'लाई सम्बोधन गर्दै मन्त्री यादवले युवालाई सीप, रोजगार र उद्यमशीलतासँग जोड्न सरकारले राष्ट्रिय अभियान अगाडि बढाएको बताए । उनले सरकार एक्लैले रोजगार सिर्जना गर्न नसक्ने र रोजगार सिर्जना गर्ने निजी क्षेत्रले नै भएको बताए ।

मन्त्री यादवले आगामी दशकलाई 'आन्तरिक रोजगारी प्रवद्र्धनको दशक'का रूपमा मनाइने बताए । देशको समृद्धि युवाको पसिना स्वदेशमै बगाउँदा मात्र सम्भव हुने उनको भनाइ थियो ।

मन्त्री यादवले आफ्नो मन्त्रालयको ८० प्रतिशत समय वैदेशिक रोजगारीका समस्या समाधानमा खर्च भइरहेको बताए । 'सरकार, रोजगारदाता र श्रमिक' बीचको त्रिपक्षीय सहकार्यमार्फत रोजगारीका अवसर वृद्धि गरिने उनको भनाइ थियो ।

सूचना प्रविधि, पर्यटन, कृषि प्रशोधन र 'ग्रीन इकोनोमी'मा नेपालको उज्ज्वल भविष्य रहेको मन्त्री यादवले उल्लेख गरे । उनले सरकार सधैँ उद्यमीको साथमा रहेको बताए ।

नेपाल युवा उद्यमी मञ्चका अध्यक्ष सुदीप घिमिरेले देशका विभिन्न क्षेत्रका युवा उद्यमीलाई एउटै मञ्चमा ल्याउने र उद्यमशीलताका माध्यमबाट देशको आर्थिक समृद्धिमा योगदान पु¥याउने उद्देश्यका साथ सम्मेलन आयोजना गरिएको जानकारी दिए ।

उनले मञ्चमा आबद्ध युवा उद्यमीले हाल देशभर ८० हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी सिर्जना गरेको बताए । दुई दशक अगाडि केही युवा उद्यमीको सपनाबाट सुरु भएको मञ्चमा अहिले देशका १५ वटा च्याप्टर र १२०० भन्दा बढी सक्रिय सदस्यको बलियो राष्ट्रिय सञ्जालमा विस्तार भएको उनले बताए ।

सम्मेलनमा स्टार्टअप संस्थापक, नवप्रवर्तनकर्ता र पारिवारिक व्यवसायलाई नयाँ उचाइमा पु¥याइरहेका युवा नेतृत्वको उपस्थिति रहेको थियो । उनले सरकारले हालै सार्वजनिक गरेको बजेटमा 'स्टार्टअप' र युवा उद्यमशीलतालाई प्राथमिकतामा राखेकामा खुसी व्यक्त गरे । सम्मेलनमा युवा उद्यमीले राज्य, निजी क्षेत्र र वित्तीय संस्थालाई युवाको नवीन सोच र ऊर्जामा लगानी गर्न आह्वान गरेका छन् । रासस

# सञ्चार क्षेत्र व्यवस्थित बनाउन मधेशमा कार्यविधि निर्माणको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आमसञ्चार प्राधिकरण मधेश प्रदेशले सञ्चार क्षेत्रलाई थप व्यवस्थित, उत्तरदायी र व्यावसायिक बनाउने उद्देश्यले सरोकारवालासँग कार्यविधि सम्बन्धी विस्तृत छलफल कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा सञ्चारकर्मी, नेपाल पत्रकार महासंघका पदाधिकारी, सञ्चार क्षेत्रका विज्ञ तथा मधेश प्रदेशका विभिन्न जिल्लाका पत्रकार प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खडकाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतो प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतोले लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणमा सञ्चार क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरे । उनले सञ्चारमाध्यमलाई थप जिम्मेवार, तथ्यपरक र जनउत्तरदायी बनाउन स्पष्ट कार्यविधिको आवश्यकता रहेको बताए ।



'सञ्चार क्षेत्रलाई नियमन गर्ने नाममा नियन्त्रण मात्र होइन, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले कार्यविधि निर्माण गर्न लागिएको हो,' मन्त्री महतोले भने, 'पत्रकार र सञ्चार संस्थाको हकहित संरक्षण गर्दै व्यावसायिक पत्रकारितालाई प्रोत्साहन गर्ने नीति प्रदेश सरकारले लिएको छ ।' प्राधिकरणका अध्यक्ष जितेन्द्र खडकाले कार्यविधि निर्माण प्रक्रियामा सरोकारवालाको सुझावलाई उच्च प्राथमिकता दिइने बताए । उनले सञ्चार क्षेत्रको वर्तमान अवस्था, डिजिटल माध्यमको विस्तार तथा बदलिँदो प्रविधिलाई ध्यानमा राखेर कार्यविधि तयार गरिने जानकारी दिए ।

पत्रकारिता क्षेत्रका चुनौती, अवसर र आवश्यकतालाई समेट्ने गरी नीति तथा कार्यविधि निर्माण गरिने उनको भनाइ थियो ।नेपाल पत्रकार महासंघका लेखा समिति संयोजक केसी लामिछानेले कार्यविधि निर्माण गर्दा पत्रकारको पेशागत स्वतन्त्रता तथा संवैधानिक अधिकारलाई केन्द्रमा राख्नुपर्ने धारणा व्यक्त गरे । उनले सञ्चार क्षेत्रको समग्र विकासका लागि राज्य र सञ्चारकर्मीबीच सहकार्य आवश्यक रहेको बताए ।

त्यसैगरी महासंघका केन्द्रीय सदस्य राजेश कर्णले प्रदेशस्तरमा सञ्चार क्षेत्रलाई व्यवस्थित गर्ने प्रयास सकारात्मक रहेको उल्लेख गर्दै कार्यविधि व्यवहारिक र कार्यान्वयनयोग्य हुनुपर्नेमा जोड दिए । उनले पत्रकारको क्षमता अभिवृद्धि, श्रम अधिकारको सुनिश्चितता तथा सञ्चार संस्थाको दिगोपनालाई पनि प्राथमिकतामा राख्न सुझाव दिएका छन् । सहभागीहरूले कार्यविधि निर्माण प्रक्रियामा सञ्चार क्षेत्रका सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्ने तथा बदलिँदो सञ्चार परिवेशअनुसार नीति निर्माण गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

# बाढी प्रभावित ७३ परिवारलाई घर हस्तान्तरण



**महोत्तरी ।**
महोत्तरी जिल्लाको भङ्गहा नगरपालिकामा बाढीबाट प्रभावित भएका ७३ परिवारलाई आइतबार घर हस्तान्तरण गरिएको छ । गत असोज १९ र २० गते जिल्लाको रातो खोलामा आएको बाढीका कारण घरवारविहीन भएका भङ्गहा नगरपालिकाका दलित, गरीब र अतिविपन्न ७३ परिवारलाई नयाँ घर निर्माण गरी हस्तान्तरण गरिएको हो ।

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा साझेदार संस्था दलित समाज उत्थान समिति नेपालले नगरभित्र सञ्चालन गरेको एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत बाढी पीडित परिवारलाई निर्माण सामग्री सहयोग गरी घर बनाएर सम्बन्धित व्यक्तिलाई हस्तान्तण गरेको हो ।

भङ्गहा–४ स्थित थारुटोलमा आयोजित एक कार्यक्रममा नगरप्रमुख सञ्जीवकुमार साहलाई गुड नेवर्स इन्टरनेशनलका प्रतिनिधि टुपेन्द्र खुलाल र दलित समाज उत्थान समितिका प्रतिनिधि रामभजन महतोले संयुक्त रूपमा घरको प्रमाणपत्र हस्तान्तरण गरे ।

सहयोगी संस्थाले भङ्गहा–१ मा एक, वडा नं २ मा तीन, वडा नं ३ मा आठ, वडा नं ४ मा १२, वडा नं ५ मा आठ, वडा नं ६ मा १२, वडा नं ७ मा आठ, वडा नं ८ मा पाँच र वडा नं ९ मा १६ वटा घर निर्माण गरेका छन् । रु एक करोड एक लाख ७१ हजार ५७४ खर्च गरेर निर्माण गरिएका ७३ वटा घरबाट ३७५ जना प्रत्यक्ष लाभान्वित भएका एकीकृत सामुदायिक विकास परियोजनाले जनाएको छ ।

घर हस्तान्तरण कार्यक्रममा नगरप्रमुख साहले पालिकाभित्रका दलित, गरिब र अतिविपन्न बाढी पीडित ७३ परिवारलाई घर बनाउन सहयोग गर्ने सहयोगी संस्थाहरूप्रति आभार व्यक्त गरे । उनले पालिकाभित्र यी संस्थाहरूले शिक्षा, स्वास्थ्य, सरसफाइ, बालअधिकार, बालविवाहमुक्त अभियान, आयआर्जनलगायत क्षेत्रमा पु¥याएको सहयोगको प्रशंसा गरे । उनले नगरको समग्र विकासका लागि आगामी दिनमा निरन्तर सहयोगका लागि आग्रह गरे । रासस

# शान्ति सुरक्षा सुदृढीकरणका लागि प्रहरी र सरोकारवालाबीच छलफल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्लामा क्रियाशील विभिन्न संघसंस्था, पूर्व प्रहरी संगठन तथा मुस्लिम समुदायका अगुवाहरूसँग शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाको आयोजनामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्काले सहभागीहरूसँग परिचय आदान–प्रदान गर्दै जिल्लाको शान्ति सुरक्षा अवस्था, अपराध नियन्त्रण, लागूऔषध दुव्र्यसन न्यूनीकरण, ट्राफिक व्यवस्थापन तथा समुदाय–प्रहरी साझेदारीलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए । उनले समाजमा बढ्दो अपराध तथा सामाजिक विकृतिविरुद्ध प्रभावकारी रूपमा काम गर्न प्रहरी, पूर्व प्रहरी संगठन, समुदाय तथा अन्य सरोकारवाला निकायबीचको सहकार्य अपरिहार्य रहेको बताए । शान्तिपूर्ण र सुरक्षित समाज निर्माणका लागि सबै पक्षको सक्रिय भूमिका आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रममा सहभागी विभिन्न संघसंस्था, पूर्व प्रहरी संगठन तथा समुदायका प्रतिनिधिहरूले जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण र जनचेतनामूलक अभियानमा प्रहरीसँग सहकार्य र समन्वयलाई थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमका क्रममा सहभागीहरूबीच परिचय आदान–प्रदान, अनुभव साझा तथा जिल्लामा देखिएका समसामयिक सुरक्षा चुनौती र तिनको समाधानका उपायबारे समेत छलफल गरिएको थियो ।

प्रहरी र सरोकारवाला निकायबीचको सम्बन्धलाई अझ सुदृढ बनाउँदै धनुषा जिल्लाको शान्ति सुरक्षामा सकारात्मक योगदान पु¥याउने उद्देश्यसहित कार्यक्रम सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# देशलाई सुधार गर्ने अनुकूल अवस्था आएको छ, यो अवसर चुकाउनु हुँदैनः सभापति थापा

**ललितपुर ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले देशलाई सुधार गर्ने अनुकूल अवस्था आएको उल्लेख गर्दै नेपालले अहिलेको यो अवसर चुकाउनु नहुने बताएका छन् । नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले पार्टीको केन्द्रीय कार्यालय सानेपामा आइतबार आयोजित 'सुवर्णशमशेर इकोनोमिक कार्यक्रम'को पहिलो श्रृङ्खलाको विषय 'बजेटले लिएको दिशा र आम अपेक्षा' विशेष छलफलको समापनका अवसरमा सभापति थापाले आजको कार्यक्रमले संसद्मा छलफल गर्नका लागि महत्वपूर्ण अवसर दिएको बताए ।

नेपालको पहिलो जननिर्वाचित अर्थमन्त्री सुवर्णशमशेर राणाले गरेको सुधार र प्रयासलाई सम्मान गर्दै सुवर्णशमशेर इकोनोमिक कार्यक्रमको महिनाको एउटा श्रृङ्खला अनिवार्य गर्ने जानकारी गराउँदै सभापति थापाले अर्थमन्त्री राणाले त्यस बेला विर्ता उन्मूलन गरेर राज्यकोषमा दाखिला गर्ने, बजेट प्रणालीलाई व्यवस्थापन गर्ने कार्य गरेर रुपान्तरणकारी योगदान गरेको बताए । उनले २०४८ सालको सरकारले एक महिना नधान्ने विदेशी मुद्रा सञ्चितीलाई बढाएर अर्थतन्त्रमा ठूलो परिवर्तन गरेको उल्लेख गरे ।

'विधिको शासन व्यवस्थाको खोजी, सुशासनको मागसहित यो अनियमित अवस्थामा भएको निर्वाचनबाट आएको सरकारले अनुकूल परिस्थितिमा ल्याएको बजेट छ ।

अर्थमन्त्रीले नै स्वीकार गरेको संरचनागत समस्याको हल गर्ने कुरामा यो बजेटले पर्याप्त ध्यान दिएको पाइँदैन । हामीले सुधार गर्नुपर्छ भनेर तयार गरेका थुप्रै काम अहिले सरकारले बजेटमार्फत लिएर आएको छ, विगतमा सरकारले थोरै अनुकूलता मिल्दा गरेको सुधारलाई अहिलेको सहज अवस्थामा रहेको सरकारले ध्यान दिएर सुधार गरोस्', सभापति थापाले भने ।

सभापति थापाले संसद्भित्र सांसदहरूले क्रमिक सुधार र संरचनागत सुधारका बारेमा हेक्का राखेर ध्यान दिएर बहस तथा छलफलमा सहभागी हुन सक्नुपर्छ भन्नेमा जोड दिँदै अध्यादेशमार्फत भएका सुधार के के कार्यान्वयन भए, के के ठीक थियो भन्ने कुरा सांसदहरूले ध्यान दिनुपर्छ भने ।



'व्यक्तिगत आयकर १० लाखको सीमा नेपाली कांग्रेसले पनि आफ्नो प्रतिवद्धतापत्रमा समेटेको थियो, यो क्रमिक सुधारको कुरा हो, तर यहाँ चलाखीपूर्ण तरिकाले कर लिने नीति सरकारले लिएको छ, सामान्य वर्गका मानिसले निजी विद्यालयमा पढाउने कुरा विलासी कुरा हैन, सरकारले सामान्य वर्ग र मध्यवर्गलाई यहाँबाट कर लिइरहेको छ, निजी स्वास्थ्य संस्थामा हुने स्वास्थ्य उपचारको माध्यमबाट कर लिइरहेको छ, विद्युत्मा ५० युनिटभन्दा माथि भ्याट लगाउने कार्यले कर बढाइएको छ', उनले भने ।

उत्पादकत्व बढाउने र रोजगारी सृजना गर्ने कार्यमा अहिलेको बजेटले लिएको नीतिले सहयोग गर्दैन भन्दै सभापति थापाले खेती किसानी गर्ने नेपालका अधिकांश किसानलाई सहयोग पु¥याउने कार्यमा यो बजेट रुपान्तरणकारी छैन भने ।

'कृषि क्षेत्रमा लाग्ने साना किसान ऋणमा डुबिरहेको अवस्थामा सामान्य किसान र मध्यमवर्गीय किसानको हित हुनै नसक्ने गरी रु दुई करोडभन्दा माथिको लगानी गर्नेलाई हित हुने गरी अनुदान ल्याइएको छ, यो मध्यवर्ग केन्द्रित छैन, उत्पादनको लागत घटाउने र उत्पादकत्व वृद्धि गर्ने तिर बजेटले ध्यान दिन सकेको छैन, सूचना प्रविधिको क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नेभन्दा सरकार आफैं गर्छु भनेर रुमल्लिने र यसको दायरालाई साँघुरो बनाउनेतीर लागेको छ, भूमि बैंकको सन्दर्भमा नियमावली मात्रै बनाए पुग्ने अवस्थामा सरकारले ध्यान दिन सकेको छैन', सभापति थापाले भने ।

सहुलियत ऋणलाई सही परिचालन गर्ने कुराको कांग्रेसले सहयोग गर्छ भन्दै उनले खराब कुराको विरोध र सही कुरामा समर्थन गर्ने तथा अनावश्यक कुरामा विरोध गरेर बखेडा नगर्ने बताए । 'परिणाममा आधारित रहेर सही नीतिमा समर्थन र गलत नीतिमा विरोध गर्छौं', सभापति थापाले भने । विसं २०४८ को जस्तो अनुकूलता र २०१५ सालको जस्तो जनसमर्थन प्राप्त गरेको वर्तमान सरकारले सकारात्मक आर्थिक रुपान्तरण, विधिको शासनम ध्यान दिनुपर्छ भन्दै सभापति थापाले कानुनलाई हतियारको रुपमा प्रयोग गर्नेभन्दा विधिको शासन र सर्वोत्तम हितका लागि हुनुपर्छ भने ।

अर्थविद डा सेमन्त दाहालले अर्थमन्त्रीले अर्थतन्त्रसम्बन्धी १५ वटा कानुन खारेज गरे भने पनि खारेज भएको छैन भन्दै कम्पनी कानुनमा गर्न खोजेको संशोधन सकारात्मक भए पनि अनुमतिपत्र र सरकारी पत्रको झञ्झट हटाउने कार्य भएको छैन भने । अर्थशास्त्री दाहालले बजेटले ठूलो संरचनागत आर्थिक परिवर्तन गरेको छैन भने ।

अर्थशास्त्री प्रा विनयप्रसाद कुसियतले उच्चशिक्षा र प्राविधिक शिक्षामा कुनै परिवर्तन हुनेकिसिमको बजेट छैन भन्दै नेपालका विश्वविद्यालयलाई बन्द गराउने खालको बजेट आएको आरोप लगाए । उनले देशको जिडिपी बढ्दै जाँदा शिक्षामा बजेट घट्दै गएको, अनुसन्धानका लागि बजेट घटाइएको, शिक्षामा ६० प्रतिशत निजी क्षेत्रले र ४० प्रतिशत सरकारले गरेको अवस्था रहेको भन्दै निशुल्क शिक्षाको अवधारणा कमजोर हुँदै गएको धारणा राखे ।

अर्थशास्त्री सरस्वती ढकालले रु २१ खर्ब २४ अर्बको वार्षिक बजेटमा ३१ प्रतिशत हिस्सा ऋणमा लगानी गर्नुपर्ने अवस्था रहेकाले बजेटमा भएको व्यवस्था कार्यान्वयनका लागि समस्या रहेको बताइन् ।

लगानी तथ नियामकीय सुधारमा मुख्य विषयमा भन्दा सहायक विषयमा मात्रै ध्यान दिँदा बजेट कार्यान्वयन प्रभावकारी हुन नसक्ने भन्दै उनले अर्थतन्त्रको कानुन निर्माणअनुसार कार्यान्वयनमा कमजोर अवस्था रहेको, लगानीको वातावरण सुधार गर्ने प्रतिबद्धताअनुसार काम नहुँदा तथा सोहीअनुसार बजेट आउन नसक्दा बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम थुप्रिँदै गएको, विदेशमा लगानी गर्न पाउने व्यवस्था भए पनि पर्याप्त स्पष्टता नहुँदा पुँजी पलायन हुने अवस्था छ भनिन् ।

चार्टर्ड एकाउन्टेन्ट उमेशराज पाण्डेले आयकरसम्बन्धी व्यवस्थामा हालै भएको संशोधनले आर्थिक बिचलन ल्याउँछ भन्दै कर कानुन निर्माणमा आर्थिक ऐनलाई मुख्य रुपमा लिइने गरेको तथा बजेटले घोषणा गरेका कुरा आर्थिक ऐनमा समावेश नभएको बताए । प्रा डा गोविन्दराज पोखरेलले चालु आर्थिक वर्षमा ७३ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको भन्दै सरकारले गर्ने खर्चले सात प्रतिशतको आर्थिक वृद्धिदर हुन सक्ने गरी राखिएको महत्वकाँक्षी लक्ष्य पूरा हुने अवस्था नभएको बताए । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन